

9 771227 73 7969

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

साउन २०८२

२८६

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

*(साहित्यप्रधान मासिक)*

## २०८२ साउन (Jul-Aug 2025)

वर्ष २४ अङ्क १० पूर्णाङ्क २८६ (Year 24 Issue 10 Total issue 286)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेबसाइट | : | https://sabdankur.com |
| | | http://bit.ly/sabdankur |
| आवरण | : | गुइँठा, सोनरा, सप्तरी |
| ISSN | : | 2773-7969 |

मूल्य रु. ४५/-

**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

## यस अङ्कभित्र

### कविता/गीत/गजल

अवतारहरूको अनावरण : डा. मधु माधुर्य ३, अपशकुन : ठाकुर बेलवासे ६, पीडाभित्रको आनन्द : सुष्मिना शर्मा ७, निराकार : अमृत ८, यो साँझ तिम्रो नाममा : मुनाराज शेर्मा ९, परीक्षा : स्मानी कुलुङ १०, गीत : गोपालकुमार मैनाली ११, काङ्वा गुमनाम बग्छ : अमित थेवे १२, म बाँचेको परिवेश : गगन राई १४, सदर : चन्द्रमणि चापागाईं १५, प्रकृति र मानव : नेत्रबहादुर श्रेष्ठ १७, दिग्भ्रम : विपिनचन्द्र बनेपाली १८, म मरेपछि : सुभाषचन्द्र पौडेल 'भीमफेदीया' १९, चेपाङको गीत : बाबुराम श्रेष्ठ यात्री २०, बुढो बागमतीको आलाप : किशन पौडेल २२, जनगीत : जयबहादुर घिमिरे २४, सपनाको कोलाज : मिमला शर्मा २५, चार मुक्तक : होम सुवेदी २६, निश्चल मासुम : श्रीश पौडेल २७, हामी लागौँ बलियो देश बन्छ : दीनानाथ पोखेल ३०, गजल : पद्मा रिजाल ३८

### लघुकथा/कथा/शब्दचित्र/समीक्षा

स्वतन्त्र : बद्री ढकाल हिरामणि, २९, प्रेमको पुनर्मिलन : नन्दलाल आचार्य ३१, मृत्युपछिका जिउँदा मानिस : देवराज राई ३२, जडमुक्ति नायक : माधव काफ्ले ३५, कविताको बाढी : नेत्रप्रसाद न्यौपाने ३९ र सकारात्मक आयतन बोकेका कविताको सङ्ग्रह : सर्वाइवल नोट : प्रदीप सापकोटा ४४

# हाम्रो अभिमत

नेपाली सांस्कृतिक चाड गाईजात्रा वर्षको एकपटक आउँछ । विशेषतः आफन्त जनको निधनमा शोकलाई बिर्सने प्रयोजनका लागि यो पर्व मनाइन थालिएको भनाइ प्रचलनमा छ । यस दिन विविध खाले मनोरञ्जनात्मक कार्यक्रम प्रदर्शन गर्ने र बेढङ्गी लवाइ, हाँसउठ्दो शृङ्गार एवम् गतिविधि प्रदर्शन गरेर शोकको गहिरो कुवामा रूमल्लिरहेकालाई त्यहाँबाट निकाल्न हाँसो प्रस्फुटन गराउने प्रयत्न गरिन्छ ।

जाने त गइगयो, बाँच्नेले गएका आफन्त जनको शोक मात्र सधैँ मनाएर बस्न सक्ने अवस्था रहन्न । गएकाहरूभन्दा पछाडि पनि थुप्रै बाँकी रहन्छन् र हुन्छन् । तिनले सधैँ शोकको सागरमा पौडिएर बाँकी जीवन सहजतापूर्वक अगाडि बढ्न सम्भव हुन्न । यसको अर्थ यो होइन कि बितेर गएका आफन्त जनलाई चटक्कै बिर्सने । उनीहरू सदा स्मरणीय रहन्छन् । यसैले बितेर गएका पूर्वजलाई प्रातः स्मरणीय भन्ने गरिन्छ । उनीहरूको सत्कर्मको सम्झना सदा जीवन्त रहिरहन्छ । तर बाँकीले बाँकी कर्म गर्नुपर्ने अनिवार्यता रहन्छ । यही कारण अग्रजको स्मरणलाई सदा ताजा राख्दै जीवनका सङ्घर्षमय कर्मक्षेत्रमा प्रवेश गर्नु अपरिहार्य हुन्छ । यसका लागि सर्वप्रथमतः शोकमग्न हृदय परिवर्तन पहिलो सर्त हुन्छ । यसो हुन नसक्दा आफन्त जनको वियोगको गर्तमा परेकालाई त्यसबाट बाहिर निकाल्न सम्भव हुन्न । यही हृदय परिवर्तन गर्ने मनसायले गाईजात्रा मनाइने गरिएको इतिहास छ । यो इतिहासको निरन्तरता वर्षको एकपटक हुन्छ नै हुन्छ ।

यही अवसरमा शोकलाई हास्यमा परिणत गर्ने प्रयत्न हुन्छ । यसका लागि सदा दिनको सहज, औपचारिक र सामान्य लाग्ने क्रियाकलाप प्रस्तुत गरिन्न । यसका विपरीत असहज, अनौपचारिक र असामान्य विधिव्यवहारहरू प्रदर्शन गरेर जस्तै नहाँस्नेलाई पनि हाँस्न बाध्य पार्ने खालका दृश्य गतिविधि र अभिनय प्रस्तुत गरिन्छ ता कि शोकको भुमरीमा रूमल्लिरहेकाहरूलाई त्यसबाट बाहिर निस्किन सक्दो उत्प्रेरणा प्राप्त होस् । यस्ता प्रदर्शनहरू व्यक्तिगत हुन्नन् । सामूहिक हुन्छन् । सार्वजनिक हुन्छन् । खुल्लमखुल्ला सबैका अगाडि देखाइने यस्ता सार्वजनिक र सामूहिक गतिविधिका कारण मृत्युजस्ता आफन्त वियोगका घटना एउटाका लागि मात्र नभई अरू र सबैका लागि घटित हुँदो रहेछ भन्ने अनुभूति हुन्छ । यसले गर्दा आफन्तवियोगको घटना सबैमा घटित हुँदो रहेछ भन्ने बोध हुन्छ र यसले पीडालाई सामान्यीकरण गर्दै सहज र सह्य बनाउन मद्दत गर्छ । यो नै यस पर्वको विशेष पक्ष हो । यसरी शोकलाई जीवनको एउटा क्षणिक अंशका रूपमा प्रस्तुत गरेर मानिसलाई सामान्य जीवनमा फर्किन गाईजात्राले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ ।

संस्कृति जीवनका लागि हो । संस्कृतिले जीवनलाई रोकिन होइन अगाडि बढ्न प्रेरणा दिइरहन्छ । यो नै यस जीवनको निरन्तरताका लागि आवश्यक हुन्छ । जीवहरू आउँछन् जान्छन् । हामी सबै आउँछौँ जान्छौँ । कोही पनि सदा कालका लागि आएका थिएनन् हुन्नन् । आउने जाने क्रम सदियौँदेखि चलिरहेछ । सृष्टि रहुन्जेल चलिरहन्छ । यही चलिरहनुलाई निरन्तरता दिन यस्ता सांस्कृतिक पर्व विशेष, विशेष रूपमा सार्थक छन् र हुन्छन् । यिनले कम्तीमा मानिस रूपी हामी जीवलाई बाँच्ने प्रेरणा दिइरहोस् । हामी जो जति छौँ जति दिन रहन्छौँ, रहुन्जेल बाँच्ने प्रेरणा प्राप्त भइरहोस् । हामी कसैले कसैलाई जीवन दिन सक्तैनौँ भने जीवन लिने दुष्चेष्टा पनि नहोस् । यसो भयो भने यो धरती हामी जीवरूपी मानिसका साथै अरूहरूका लागि कति सुन्दर भूमि हुने थियो । आशा गरौँ यस्तै होस् ।

– प्रधान सम्पादक

क्वान्टम कविता

# अवतारहरूको अनावरण



डा. मधु माधुर्य

... यथार्थ हो या भ्रम ?
यो रमाइलो संसार -
विचारहरूको 'सिमुलेशन' !
चेतनाको एक क्वान्टम रङ्गीन अभिव्यक्ति !
जुनसुकै परिभाषा सुहाए पनि
सबथोक छोपिएका छन् यहाँ
हामी जे देख्छौँ
आवरण देख्छौँ
सबथोक ढाकिएका छन्

'भि. आर. रियालिटी' जस्तै
दृश्यहरूमा प्रतिविम्बित -
तिमी तिमी होइनौ
म म होइन
ऊ ऊ होइन

तिमीले मलाइ हेर्दा
मेरो अनुहार होइन
अनुहार छोप्ने मखुन्डो देख्छौँ
मैले तिम्रो मुहारमा
मुहार छोप्ने मखुन्डो देख्छु
अहिले त मखुन्डोहरू पनि चिन्न गाह्रो छ
अत्याधुनिक शृङ्गारले अर्को भ्रम थपेको छ
ए.आइ.ले यथार्थमाथि थप भ्रम थपेको छ
उस्तै उस्तै देखिने मखुन्डोहरू चिन्न गार्हो छ

... मानिसहरू केवल आवरणहरूमा बाँच्दा रहेछन् ...

आवरणहरूमा -
सुरक्षा महसुस गर्छन् मान्छेहरू

सहज महसुस गर्छन् मान्छेहरू
आवरण खोली हेर्दा बेहोस हुन्छन् मान्छेहरू
आवरण फ्याँक्नुपर्दा मरे झैँ गर्छन् मान्छेहरू

आवरणबिना नाङ्गै जन्मेको बालकलाई
कहाँ थियो लाज ?
कहाँ थियो सरम ?
समाजले संस्कारको आवरण दियो
सङ्गतले आवरणहरू थप्दै गयो
र हरायो -
मान्छेको सक्कली रूप
असली अनुहार !

मैले कोसँग वार्ता गरिरहेछु ?
म कोसँग हिंडिरहेको छु ?
म कोसँग बसिरहेको छु ?...
यी प्रश्नहरूले -
हमेसा मलाई घोचिरहन्छन्
पोलिरहन्छन्/डामिरहन्छन्
मरेर गईसकेपछि पनि
यहाँ -
आवरणकै शालिक बन्छ किन
मखुन्डोकै स्मरण हुन्छ किन ?

अज्ञात भयमा बाँचिरहेका मानिसहरू
आवरण र मखुन्डोलाई
सुरक्षाकवच बनाइरहेका छन्
लाग्छ -
मानिस मानिसदेखि असुरक्षित छन्
हामीलाई बाघको भन्दा पनि
मानिसको डर लाग्छ
हामीलाई सर्पको भन्दा पनि
मानिसको डर लाग्छ ...

... मानिस भएर बाँच्ने एउटा सुन्दर सपना छ...

अस्टावक्रले दिएको
उपदेश जनकले बुझेको क्षण हेर्न चाहन्छु
सम्पूर्ण अवतारहरूबाट निस्कन चाहन्छु
म –
अवतारविहीनहरूसँग बाँच्न चाहन्छु
कस्तो हुँदो हो यो संसार ?
आवरणबिनाको
मखुन्डोबिनाको !

आऊ खुल्ला मैदानमा –
हामी सबैले
आ–आफ्नो मखुन्डो उतारौँ
आ–आफ्नो आवरण खोलौँ
र
उन्मुक्त मनले हेरौँ
कति होलान्
हामीबिच
'मानिस'हरू,
मानवरूपी देवताहरू
र
मानवरूपी दानवहरू ... ?

(mksnepal@yahoo.com)

## सर्जकमा विशेष अनुरोध

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा अप्रकाशित र प्रकाशनका लागि अन्यत्र नदिइएका प्रकाशनयोग्य रचना मात्र सम्पादनको अधिकारसहित शब्दाङ्कुरमा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर मात्र छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**शब्दाङ्कुर परिवार**

कविता

# अपशकुन



ठाकुर बेलवासे

आफ्नै आँसुको भेलमा डुब्दै
आफन्तहरूको मुटुबाट झरेको पहिरोमा बग्दै
चल्लाहरू गुँडमा छोडेर
चारो खोज्न उडेको घुमन्ते चरोजस्तो
बाँच्नका लागि बिदेसिएको
जवान देश
विदेशमै मरेको खवर छ !
यता
आँखा नदेख्ने
कान नसुन्ने
हातखुट्टाले आफ्नो लय गुमाएर
सिंगो शरीर भित्तेघडीको लंगुरजस्तो बनेको
बुढो देश
सरकारले भत्ता खोसेको
समाचारले मस्तिष्कघातबाट
अचेत पल्टिएको छ !

विदेश जान नसकेर
देश नबनेका
बाँच्न श्रापित केही मानिसका अगाडि
ठिङ्ग उभिएका दारानङ्ग्रामा धार लगाइरहेका छन्
जंगलका हिस्रक भोका जनावरजस्ता
नेताहरू !

पहिरोमा बग्दै गरेको फूलबारीजस्तो
देश हेरेर
ससाना केटाकेटीहरू
बेसुरको हाँसो हाँस्दाहाँस्दै
कहालिएका छन् !
नागरिकता बनाउन नसकेर

पासपोर्ट बनाउने खर्च रिन नपाएर
बैँसमै दीर्घरोगले शरीर
धमिराले खाएको काठजस्तो बनेपछि
परदेशले अस्वीकार गरेर
सिंगो देश बिदेसिनबाट जोगिएको !

मिल्ने भए
सायद
यो देशको भूगोल पनि
पुगिसकेको हुने थियो,
विदेश !
र त्यागिसकेको हुने थियो
गलपासो जस्तो बनेको नागरिकता !

कविता

# पीडाभित्रको आनन्द



**सुष्मिना शर्मा**

राति आँखा बन्द गर्छु,
विगतका सम्झना सामु आउँछ
बिर्सने प्रयास गर्छु
म तर स्मृति झनै गाढा बन्छ
पीडामा लत्पतिएर बितेका पल
आज याद बनी आउँदा
साँच्चै अझै प्यारो लाग्छ

तर्सिएर आँखा खोल्दा फेरि त्यही यादमा हराउँछु
अनौठो यो सम्झना मनमा कैद गर्छु
सम्झी सम्झी आँसु झर्छन्
तर पनि त्यही आँसुमै रमाउँछु ।

अचम्म लाग्छ,
पीडा दिने त्यो स्मृति हो
किन पीडामै आनन्द मिल्छ ?
बिझेका काँडा सम्झी झर्छ आँसु
तर पनि त्यही पीडामा आनन्द पाउँछु ।

कविता

# निराकार



अमृत

म बाटो हुँ जसको अन्त्य कतै छैन
म 'म' हुँ जसको कुनै आकार छैन

नपुगेर पुग्न बाँकी म हुँ
पुगेर पुग्न बाँकी म हुँ

उत्तरको खोजमा निस्केको प्रश्न हुँ
प्रश्नको मौन उत्तर म आफै हुँ

सकिएर नसकिने म हुँ
देखिएर नदेखिने म हुँ
म व्यापक हुँ
म सूक्ष्म हुँ
कारणविहीन अकारण हुँ
अन्त्य नहुने सुरु हुँ

यात्रामा निस्केको पथिक हुँ
सागरको अस्तित्व जोगाउने बुँद हुँ
सगरको अदृश्य म हुँ
देवगणको दृश्य म नै हुँ
जितजस्तो लाग्ने हार हुँ
स्वादजस्तो बेस्वाद हुँ
सुखजस्तो देखिने दुःखको पहाड हुँ
अर्थ देखिने अनर्थ हुँ

चितामा निदाएको सुन्दर निद हुँ
आगमन कुरिबसेको प्रतीक्षा हुँ
सत्य भनिबसेको असत्य हुँ
म कोही केही होइन मात्रै अभिनय हुँ ।

(amritc371@gmail.com)

कविता

# यो साँझ तिम्रो नाममा

मुनाराज शेर्मा

हतारले तिम्रो नाम उच्चारण नगरी
म डाँडामा पुगेँ
उज्यालो हुँदै देखेको
तिम्रो हृदयको उज्यालो लिएर आएको छु
मनको जङ्गल उघारेर हेर्छु
सायद तिम्रो सबसे किम्मती बाँच्ने धुनहरू
छरिएर सङ्गीत बनेको छ यो दिमागभरि
यो पृथ्वी यो अकास
सारा भरिएको छ तिम्रो स्मृतिको हावा

चराहरू हेमानको पखेटा फिँजारेर
फिरिरहेका छन् आफ्नो घर
भन्ने छन् आफ्ना दैनिक कथाहरू
आज कति अनमोल खजानाहरू प्राप्त गरे
दु:खको बाटो हिँडेर
मेरो मनको असाध्य पखेटा
फैलिएर उडान भरेको छ
असङ्ख्य अप्ठ्यारो नाघेर तिम्रो संसारको नजिक

भोलि अवश्य हुने छ उज्यालो
फेरि उठ्ने छौँ आफ्नो
अभीष्टसँग
के हार्नु एकछिनको अँध्यारोसँग
बाँच्नु छ यो उज्यालो बोकेर
जिन्दगीको उत्सव गर्न
यो साँझ एकछिन विश्राम हो
फेरि जाग्नु छ
बिहानको रक्तिम घाम भएर

(shermamunaraj1@gmail.com)

कविता

# परीक्षा



रूमानी कुलुङ

हृदयमा गुलाब
र, आँखामा हृदय बोकेर
भर्खरै,
आइपुगेको छु म
तिम्रो सहर...

बोक्न त-
आफैलाई पनि बोकेको छु
आफ्नै पिठ्युँमाथि
जिन्दगीलाई भारी कसेर

भारीभित्र छन्
भोगाइका अनगिन्ती पोकापन्तराहरू

प्रत्येक पोकापन्तराहरू
आ-आफ्नै अस्तित्वमा समाहित छन्

पोकापन्तरा-१ प्रेम
जसलाई,
हृदयको आँखाले मात्र
चिन्न सक्छौ तिमी

पोकापन्तरा-२ विश्वास
जसलाई,
पवित्र प्रेमले मात्र
जित्न सक्छौ तिमी

पोकापन्तरा-३ सपना

जसलाई,
आफू टुक्रिएर मात्र

अँगाल्न सक्छौ तिमी

छन त आँखाभरि छन्
विशद विपनाहरू
जो आँसुको झ्याल खोलेर
सधैँ घामको प्रतीक्षामा छन्

छन त छातीभित्र पनि छन्
टुक्रिएको मुटु
चोइटिएको मन
समयले मेट्दै मेट्दै गइरहेको धुमैलो तस्बिरहरू
जो म हाँस्नुको इन्द्रेणी पनि हो
र, हो म बाँच्नुको भरोसा पनि

हृदयमा गुलाब
र, आँखामा हृदय बोकेर
भर्खरै,
आइपुगेको छु म
तिम्रो सहर ।

(rumanikulu841@gmail.com)

गीत

# गीत



**गोपालकुमार मैनाली**

एकान्तका हाम्रा कुरा छन्छन् बज्ने तिम्रा चुरा
सुने छ खै कसले कुन्नि चलाइदियो लाग्ने छुरा ।

रून्भुन वर्षा साउनको मनै हर्ने मात थियो
मनको बत्ती बल्दै गर्दा छेउको दियो निभ्दै थियो
नुनखानीका सागरभित्र बास खोज्ने न्याना कुरा
सुने छ खै कसले कुन्नि चलाइदियो लाग्ने छुरा ।

चट्याङ परी कतै टाढा मुटु बाँध्ने मौका दियो
छालसँगै हेलिएको हामी सवार नौका थियो
सुरु मात्रै हुँदै थिए नसकिने मिठा कुरा
सुने छ खै कसले कुन्नि चलाइदियो लाग्ने छुरा ।

कविता

# काङ्वा गुमनाम बग्छ



अमित थेवे
(धरान, सुनसरी)

उहिले उहिले
हजारौँ वर्ष पहिले
सेन्छेङलुङको काँधबाट
अनि, कुहिना हुँदै हातबाट
बगेको थियो एउटा
हिउँका गोला बोक्ने खोला ।

सेतो काङ्वा
उँधो बगेपछि खोला निलो भयो
सायद पोखियो आकाशे रङ
अझ, तल बगेपछि हरियो भयो
सायद मिस्सियो लेउ खाने तिते माछा
वा, तैरियो पानीमाथि उत्तिस र काभ्राका पातहरू !

हज्जारौँ वर्षपछि,
जब मान्छेले लगायो फड्के, थाप्यो साँघु
तब,
काङ्वा केही धमिलो भएर बग्यो
उडेर स्वाद अमिलो भएर बग्यो ।

केही सालअघि,
जब पर्खालले थुनियो जिउ
तारले बाँधियो हात र खुट्टा
भ्वाङ पारियो भिरपहराको छाती
ब्लास्टिङ गरेर हल्लियो पहाडको गिदी
त्यसपछि,
काङ्वा रातो भएर बग्यो
मुटुको सातो उडेर बग्यो

कहिले बाटो बिराउँदै
कहिले गाउँ लडाउँदै
तम्मरलाई गुनासो सुनाउन
लामो लामो श्वास तानेर
हुत्तिएर बग्यो ।

आजभोलि,
काङ्वा चुपचाप छ
घामले पिल्सिएका ढुङ्गा र
तातिएका हलुवाजस्ता बालुवा
असरल्ल भुइँभरि
छाडेर गुमनाम छ ।

गाउँघरमा बराजु बाजे भन्थे -
'माछा लुक्यो र खोला सुक्यो भने लोदर हुन्छ ।'
अब हेर्नु छ,
भुइँचालो भएर उँधोबाट
या, चट्याङ भएर उँभोबाट
धर्तीमा आइपुग्छ
काङ्वा !

काङ्वा - याक्थुङ (लिम्बू) भाषामा काबेली खोला जुन ताप्लेजुङको याङरूप क्षेत्रमा बग्छ र पाँचथरछेउ आएर तम्मरमा मिसिन्छ । पछि, यो खोला धनकुटा र सुनसरीको सीमामा आएपछि सप्तकोसीमा मिसिन्छ । हाइड्रोपावर परियोजनाका कारण केही वर्षयता खोला सुकेको छ ।
सेन्छेङलुङ - याक्थुङ भाषामा कञ्चनजङ्घा हिमाल जुन विश्वको तेस्रो अग्लो हो ।

(limbu.union@gmail.com)

**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**
**अक्षरधाम प्रकाशन,**
**बागबजार**
**सम्पर्क : ०१-५९२२७०७/९८६००५६०५२/९८५११५७१९३**
akshardhamprakashan@gmail.com| akshardham.com.np

कविता

# म बाँचेको परिवेश

गगन राई
(ओखलढुङ्गा)

छ जसको शक्ति, सम्पत्ति र नजिकको इष्ट
छ भएको उही सम्मानित, पुरस्कृत र विशिष्ट ।

छन् जो नैतिकवान्, इमान्दार र कर्तव्यनिष्ठ
छन् भएका उनै अपहेलित, शोषित र कनिष्ठ ।

छन् जो योग्य र गर्छन् निस्स्वार्थ काम
छन् भएका उनै आरोपित र बदनाम ।

छ जसले दिएको देशलाई अथक योगदान
छ पाएको उसले नै तिरस्कार र अपमान ।

छ जसले चलाएको पाखुरा बगाई पसिना
छ भएको उही गरिब र पाउँछ पनि घृणा ।

छन् जो विद्वान्, शिक्षित र देशभक्त
छन् तिनै राज्यबाट उपेक्षित हर बखत ।

छ जसको सफा आवरण र सुन्दर चित्र
छ उसैको कुरूप, द्वैध र कुटिल चरित्र ।

छ्न जो भ्रष्टचारी, धुर्त र देशद्रोही
छ तिनकै चर्चा, व्यापक वाहवाही ।

छन् जो गफाडी र काम सिन्को भाच्दैनन्
तिनै सोझालाई नठगी बाँच्नै सक्दैनन् ।।

कविता

# सदर

**चन्द्रमणि चापागाईं**
**(कावासोती, नवलपरासी)**

आफूसँगैको संवादमा
म कहिलेकाहीँ
आफैसँग असहमत हुन्छु ।

आफूलाई आफू नै झिँजो लाग्न थालेपछि
मेरा केही सवालका जवाफहरू
मैले आफैलाई होच्चाएर दिने गरेको छु ।

कति सवालहरू खारेज गरिदिएको छु ।
कति सम्बोधनहरू उपेक्षा गरिदिएको छु ।
कति स्नेहहरू तिरस्कार गरिदिएको छु ।
कति शुभेच्छाहरू कुल्चिदिएको छु ।

मैले आफैलाई
फैलिँदै फैलिँदै जाऊँ भनी दिएका उपदेशहरू
जीवनलाई आकाश बनाएर फैलाऊँ भन्ने दर्शनहरू
हावाको वेग समात भन्ने आदेशहरू
पानीको आकार बन भन्ने उत्प्रेरणाहरू
सबै सबै
समयको झोलामा पोको पारेर
जीवनको डस्टविनमा फ्याँकिदिएको छु ।

बरु भन्ने गरेको छु आफैलाई
कि मलाई फैलावटको भ्रमले
झनै खुम्चाउँदै खुम्चाउँदै लगिरहेको छ ।

जसरी
हार्नेहरू
जित्नेहरू भन्दा बढी बलिया हुन्छन ।
त्यसै गरी

खुम्चिनेहरू
फैलिनेहरूभन्दा बढी फराकिला हुन्छन् ।

खुम्चिनु
मर्नु होइन ।
चाउरिनु
कुरूप हुनु होइन ।
हार्नु
सकिनु होइन ।

आजैदेखि
खुम्चिन सिकिनँ भने
मरेपछि
साँघुरो चिहानमा गुम्सिने छु ।
खुम्चिनु भनेको
जीवनको साँघुरो मेचमा
तिमीलाई बस्ने ठाउँ बनाउनु हो ।

त्यसैले
तिमीलाई सदर गर्नका लागि
कैयौँपटक मैले आफैलाई
आफैले बदर गरिदिएको छु ।

(cmchapagai@gmail.com)

## पुस्तकालयलाई सूचना

प्रत्येक महिना हामीलाई उपलब्ध भएसम्मका पुस्तकालयको हुलाकी ठेगानामा शब्दाङ्कुरलाई निःशुल्क पठाउने गरेका छौं । यसरी पठाइएका पत्रिका प्राप्त भएका पुस्तकालयले कृपया प्राप्तिको सूचना दिनुभए यस कार्यलाई निरन्तरता दिन सहज हुने थियो । साथै **शब्दाङ्कुर** प्राप्त गर्न चाहने पुस्तकालयले हुलाकी ठेगाना उपलब्ध गराए निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्छौं ।

**शब्दाङ्कुर परिवार**

कविता

# प्रकृति र मानव

नेत्रबहादुर श्रेष्ठ

सृष्टिको सुन्दर सृजना
प्रकृति र मानव ।

चारैतिर सुन्दर हरियाली
माथि निलो आकाश
तल हरिया फाँटहरू
ती फाँटहरूमा रमाउने
सुन्दर धर्तीका मानवहरू ।

प्रकृति नभइदिए
के गर्थे ती मानवहरूले ?
के खान्थे अन्नहरू ?
के फेर्थे सासहरू ?

अतः हामी मानवले
नबिर्सौं प्रकृतिको गुणलाई
बचाऊँ हामी मानवले
मातारूपी प्रकृतिलाई
पितारूपी प्रकृतिलाई ।

प्रकृतिले नै मानवहरूलाई
दिएका छन्, मान र शान
दिएका छन्, जीवनदान ।

मानवहरूले अब
घमन्ड कहिल्यै नगरे हुन्छ
जेजति पाएका छन्
उपलब्धि र खुसीहरू
ती सबै प्रकृतिकै
देन हुन् आज ।

प्रकृति नभइदिए
के मानवले आज ?

देख्नेथे प्रकृतिका
लीला र चमत्कारहरू !
मानव पनि नभई दिए
के प्रकृतिको हुन्थ्यो ?
गुणगान र उपयोगिता !

तसर्थ आज
प्रकृति र मानव
दुवै हुन् एकअर्काका
युगौँयुगका दौँतरी
युगौँयुगका जीवनसाथी ।

कविता

# *दिग्भ्रम*

**विपिनचन्द्र बनेपाली**


हिंड्दै छ यो दुनियाँ
मस्तिष्क निर्देशित नागबेली बाटो
सोच्छ र बोल्छ मस्तिष्कले
अनि सुनिन थाल्छ सबैतिर
मस्तिष्कको भाषा
देखिन थाल्छ मस्तिष्ककै व्यवहार
जब सञ्चालन हुन्छ दुनियाँ मस्तिष्ककै ऊर्जाबाट
तब, एडिसनले बिर्सेझैँ आफ्नै नाम
एक सुस्त विद्यार्थीले अनेकौँ कोसिसका बाबजुद
नबुझेझैँ गणितका सूत्रहरू
अलमलिएझैँ ज्यामितीय रेखाहरूमा
दुनियाँको गालीलाई ठानेँ मिठो गीत
कूटिलतालाई बुझेँ आत्मीयता
अन्योलमा छु आज, दिग्भ्रमित छु
र भएको छु कैद
आफ्नै हृदयभित्र एक्लै
म हृदयजीवी
मसँग त छ फगत एउटा सग्लो हृदय

(bipinbanepali@gmail.com)

कविता

# म मरेपछि

सुभाषचन्द्र पौडेल 'भीमफेदीया'




म मरेपछि यो शरीरलाई
आगोमा नजलाइदिनू
छातीमाथि ढुङ्गा बाँधी
नदीमा नबगाई दिनू ।

खाल्डो खनी जमिनमा
माटोसँगै नसेलाईदिनू
अस्पतालमा फोन गरी
शव जिम्मा लगाइदिनू ।

काम लागुन् मेरा आँखा
काम लागुन् मेरा किड्नी
काम लागुन् मुटु, फोक्सो
काम लागोस् छाला पनि ।

जे जति जस्ता छन् मसँग
काम लागुन् ती सकल अङ्ग
पाउन् पुनर्जीवन जो कसैले
फेरियोस् जीवनको रूपरङ ।

बाँचुन्जेल धर्मकर्म नगरे 'नि
मरेपछि दान बन्न सकोस्
खरानी र माटो हुनुभन्दा
अरूलाई काम लाग्न सकोस् ।

(२८ माघ २०८१ क्यानबेरा, अस्ट्रेलिया)
(subhashcpoudel@gmail.com)

# चेपाङको गीत



**बाबुराम श्रेष्ठ यात्री**
(सिन्धुली) ९८४१०२७६८८

पृथ्वीमा उज्यालो नखस्दै
पाखाभरि उक्लन्छ हाम्रो बिहान
घामसँगै सुत्छ सपना
खुला चौरमा/वनजङ्गलमा
अकासे छानो हालेर
र भोलिपल्ट बाआमासँगै
हाम्रो दुःखको चक्र चल्छ
र सिक्छौँ
आमासँग - जीवनका रङहरू घोल्न
बासँग - सङ्घर्षका कथा बटुल्न
पाठशालासँग- समस्या समाधान गर्न
अनि समयसँगै दगुरिरहेको
जीवनरूपी जीर्ण चर्खा
तल-माथि चलाइरहन्छौँ
अक्करे भिरहरूमा

हामी हामीमै ठिक छौँ - चेपाङ
दुःखका पहाड निल्छौँ
बरु नभनी देऊ न प्रजा
किनकि हराउन चाहँदैनौँ हामी हाम्रो मौलिकता
हामी सिमेभुमेदेखि रूख थानी मान्छौँ
लाएर प्रीति वनजङ्गलसँग
माटो बोल्छौँ
प्रकृति बोल्छौँ
प्राकृतिक धर्म मान्छौँ
खोरिया खन्छौँ/जोत्छौँ
न्वागी खान्छौँ
प्रकृतिको अनुपम उपहार
निबुवा, बिमिरो, पिँडालु, घैया धान

प्रीतिसँग साट्छौँ
चिउरीको बोट हाम्रो पहिचान ठान्छौँ
हाम्रो जीवनशैलीको पृथकताले
हामी चेपाङ भएका हौँ

अरूलाई सहर मन पर्छ होला
हामी भिरालो गाउँ मन पराउछौँ
हरियाली बेछौँ
स्वस्थ हावा सुसेल्छौँ
एक आयु बढी बाच्छौँ

जानुपर्दैन हामीलाई
आँखाको रतन्धो हटाउन कुनै सफारी वा भ्रमण
हामी कञ्चन पानीजस्तै
बगिरहन्छौँ बेसरम
आफ्नै पदचाप पछ्याउँदै
युगदेखि युगसम्म

गुन्यु-चोलो या दौरा-कछाड
हामी भिर्छौं - कम्मरमा काठको खुर्पीठ्याक
हामी गाउँछौँ- लोकसंस्कृति
खान्छौँ गिट्ठाभ्याकुर
चाहिँदैन कुनै आलिसान महल
बस्छौँ एकतले ढुङ्गा/खरले छाएको घरमा
बाच्छौँ प्राकृतिक
हामी गर्व गर्छौं -चेपाङ हुनुको
र पो गाउँछौँ चेपाङको गीत ॥

(shresthababuram40@@gmail.com)

अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ
**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**
sabdankuraustralia@gmail.com
Phone: 061-0403721631 (Whats App and Viber)
सिडनी, अस्ट्रेलिया

पर्याकविता

# बुढो बागमतीको आलाप



किशन पौडेल
(हेटौँडा ४, मकवानपुर)

आदिम,
सभ्यताको घाँटीबाट
अविरल बग्दै आएको
म निर्मल पवित्र बागमती
तिम्रा दुष्कर्मका पापहरू
पखाल्दापखाल्दै
दूषित भएको छु ।

म
तिम्रा पितृहरूलाई पिण्डपानी
पिलाउँदापिलाउँदै
काकाकुल भएर तड्पिरहेछु ।

मसँग अहिले जीवनको चञ्चल वेग छैन
मेरा बहावमा कुनै उमङ्ग र तरङ्ग छैन
मेरो जीवनको लय सकिएको छ
म गतिहीन र निस्तेज भएको छु ।

मेरो काखमा आएर पौडिने
ससाना भुराहरू खै कहाँ गए ?
मेरो आँगनको डिलमा आएर
साँझपख टरटर कराउने
भ्यागुताहरूको सङ्गीत खै किन सुनिँदैन ?
मेरो छातीमा टेकेर तनतन पानी पिउन
किन आउँदैन काकाकुल कौवाहरू ?

तिम्रो सभ्यताको बुल्डोजरले
मेरो स्निग्ध छातीमा लात हानेर उठाएको
सम्पन्नताको महलभित्रबाट किन खस्छ
मेरै आँगनको बलैँसीमा

असभ्यताको लेदो ?
किन विसर्जन हुन्छ मेरो वक्षस्थलमा
दूषित वीर्यका थैलीहरू ?
मेरो सार्वभौम अस्मितामाथि
किन हुन्छ बारम्बार बलात्कार ?

मेरो सौन्दर्यलाई तेजोबध गर्ने
ती हातहरूलाई किन लाग्दैनन् हतकडी ?
मेरा पार्श्ववर्ती निलकण्ठ किन मौन छन्
किन बोल्दैनन् श्रापित विरूपाक्ष ?

हे ! नगरका शालीन भद्रहरू हो !
हे ! सिंहदरबारका मान्यवरहरू हो !
मलाई बाँच्न उन्मुक्त आकाश देऊ
मलाई हाँस्न अलिकति सास देऊ

एउटा उत्कट जिजीविषा बोकेर
बिरूप समयको भेन्टिलेटरमा धड्किरहेको
यो इतिहासको एउटा जिउँदो साक्षी
तिम्रो सभ्यताको धरोहर
म फगत बुढो बागमती हुँ !

(krishna5064@gmail.com)


**आगामी आकर्षण**

डा. शैलजा पोखरेल, देवराज सिम्खडा, रणभीम, देबकी केसी,
सुशान्त थापा आदि ।

**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**
**पुस्तक सेन्टर**
**अद्वैतमार्ग (आरआर क्याम्पसको ठिक पछाडि),**
**बागबजार**
**०१–५३६६७८०, ९८४१–३६७७६२**

गीत

# जनगीत



सङ्कलक जयबहादुर घिमिरे

पर्ख तिमीलाई[२]
साह्रै नै दुःख दियौ
तिमीले जनतालाई ॥

न त सक्यौ स्वाधीनता जोगाउन,
न त सक्यौ अधिकार भोगाउन
पर्ख तिमीलाई …

चुनाव आउँदा जनतालाई आश्वासन,
जितेपछि निरङ्कुश छ शासन,
पर्ख तिमीलाई … ।

सुझाव दिंदा पटक्कै टेर्दैनौ
कहिले कहाँ के भयो हेर्दैनौ,
पर्ख तिमीलाई …

जनमुखी कार्यक्रम बनाऊ
नेतामुखी सुविधा नबढाऊ
पर्ख तिमीलाई …

जनतालाई के साह्रो हेप्यौ नि !
आफै मऱ्या सपना देख्यौ नि !
पर्ख तिमीलाई …

भत्ता देऊ गरिबी आधारमा
प्रिय बन जनताको नजरमा
पर्ख तिमीलाई …

पर्ख तिमीलाई
साह्रै नै दुःख दियौ तिमीले जनतालाई ।
पर्ख तिमीलाई …

कविता

# सपनाको कोलाज



मिमला शर्मा
(दरवार स्क्वाएर, भक्तपुर)

त्यो दिन वडो उल्लासका साथ,
एक बोरा सपनाहरू, बोकेर
पहिलोपल्ट तिम्रो घर भित्रिएकी थिएँ ।
संस्कारका घुम्टोहरूभित्र
मेरै अस्तित्व शिरदेसि पाउसम्म

छोपिनु त नपर्नुपर्ने हो ।
तर पनि त्यहीँ दिनदेखि
स्वच्छन्द हावाको साउतीलाई
पछ्याउन छोडेर
अँगेनाको आगोभित्र बालिदिएकी थिएँ ।
त्यहीँ दिनदेखि,
समयको धारिलो तरबारले पनि छिनाल्न नसकेका यी गह्रँगा भारहरू

काँधमा बोक्दै अनवरत हिँडिरहेकी छु ।

एक चिम्टी सिन्दुरको बाटो टेकेर,
आज हाँसोका बान्कीहरूका सिमाङ्कन हुँदै
आफ्नै बोलीका उतारचढावहरू, रेखाङ्कन भइदिएको छ ।
लाग्छ, दिनहरूका कामकाजका व्यस्ततामा
सहीछाप गरिदिएकी छु मैले ।
समयको बहावमा
म भान्से, म परिचारिका, म आया, म सुसारे

लाग्छ आवश्यकताको आह्वानमा जताततै अटाउन सक्ने,
हरकोहीको उपयुक्त, पात्र हुँ म ।

दम दिएर चलाइने सानी नानीको खेलौनाझैँ
एकतमाम सुसेलिरहेकी म,
बेहोसीमै पानी छ्यापिएर ब्युँझेझैँ

आज अकस्मात् भस्किएकी छु ।

थाहा छैन, मैले आफैलाई गुमाएँ वा भेट्टाएँ
बिहानी वा सम्साँझ छुट्याउनै कठिन
यो क्षणमा
कसैले एक पाथी धुलो टक्टकाएर,
मेरा थन्किबसेका उद्देश्य अनि
सपनाहरूको कोलाज
मैरै आँखाअगाडि पस्किदिएको छ ।

मुक्तक

# चार मुक्तक

**होम सुवेदी**

१. टुप्पोतिर हेरियोस् अहङ्कारीको उदाहरण बाँसबाट हुन्छ
जीवनको निर्बाह त मिठो मसिनो एकै गाँसबाट हुन्छ
न्याय अन्याय ता भोलेहरूबाट कता हुनु
दूध र पानी छुट्याउने काम ता बरु पानीहाँसबाट हुन्छ ॥

२. निर्माणकर्ताका अघि विनाशकर्ता भव्य भएपछि
समाजमा उसैको पूजा र उसैको मन्तव्य भएपछि
यो स्वार्थी दुनियाँमा पवित्रता नै के रह्यो र
मन मुटु र मस्तिष्कभरि पापक्षेत्रको गन्तव्य भएपछि ॥

३. जीवननिर्बाहका लागि एक मानो जुटाउने काम छ
ईश्वरआराधनाका लागि मेरै झुपडीभित्र राम छ
सुखसुविधाका लागि भौँतारिनेहरूलाई मेरो केही भन्नु छैन
जे छ मेरा लागि त यही नै धुमधाम छ ॥

४. ईश्वर खोजीमा ठुला ठुला मन्दिरतिर पनि धाइएन
ईश्वरका नाममा भूटो कसम पनि खाइएन
माटो ढुङ्गोमा पनि ईश्वर हुन्छ भन्छन्
तर आफूले त मनमा बाहेक कतै पनि ईश्वर पाइएन ॥

(homsuvedi@gmail.com)

कविता

# निश्चल मासुम



श्रीश पौडेल

केही समयसम्म
केही भनुँ तिमीलाई
भनी बसेको थिएँ

वाक्य पछाडिको
पूर्णविराम बाँकी भएजस्तै

केही समयपछि
'भन्नु'को अर्थ भेटिएन
किन कुन्नि, तिमीसँगको
पल सम्झिँदा
तिमीलाई देखिनँ

एक्लै रहेछु म त्यतिखेर पनि
तिमी मात्रै छायाँ रहेछ्यौ
मेरो पवित्र आत्माको
मेरो निर्दोष,
मेरो सोझो, शालीन,
शीतल आत्माको –
मेरो निश्चल मासुम आत्माको

त्यो समयलाई यो समय दिएर
सम्झिन्छु – समय गएको
पत्तै अझै पनि पाउँदिनँ

म तिमीलाई माफ गर्न सक्दिनँ
माफ गरेँ भने,
आफूलाई माफ गर्न सक्दिनँ
सबै कुरा सफा गर्न सक्दिनँ
हाम्रा हिसाबहरू राफ्साफ गर्न सक्दिनँ

माफी नदिई तिमीलाई,
बिर्सूं कसरी म ?
म यहीँ अड्किएको छु कि
मुखले भन्छु –
तिमीले झैँ
बाचा गर्छु
दावा गर्छु

मलाई अब फरक पर्दैन भनेर,
मेरो घडीको सुई
अड्किएको छैन भनेर

तिमी छायाँ रहेछ्यौ
मेरो मुटुको न्यानो रापको
केवल धुवाँ रहेछ्यौ

तिम्रो बोलीलाई
मेरो मनले सङ्गीत बनाएको थियो
तिम्रो काँधलाई
मेरो संसारले सिरानी बनाएको थियो
तिम्रो हात
मेरो हातको हात थियो
तिम्रो साथ
मेरो आत्माको चौतारी थियो

जे थियो, मेरो थियो
जे थियो, मेरो थियो

अब म, मेरो छु
म, मेरो छु

तिम्रो नराम्रो होस्
भनेँ होला,
रिसमा मुर्मुरिएर
कति दिन रोएँ तिमीलाई
स्मृतिबाट बगाउन

कति रात भोकै बसेँ
तिमीलाई सम्झने शक्ति गुमाउन

तर ती पलहरू सम्झिँदा –
अब तिमी छैनौ
जसरी यो कविताभित्र तिमी आएका छौ
तर तिमी छैनौ

केवल म छु
मेरो जिन्दगीमा पनि अब
म छु
मस्त छु
म, म स्थः छु ।

(cashreesh2018@gmail.com)

लघुकथा

# स्वतन्त्र



**बद्री ढकाल हिरामणि,**
**(कोहलपुर, बाँके)**

'अब त जागिर टिक्न पनि निकै गाह्रो पो छ त ।' शिक्षक नवराजले भने ।
'टिक्न हैन टिकाउन गाह्रो छ भन्नुस् न ।'
पाँच वर्षअघि जोखानेका पालामा मलाई दुईपटक सरुवा गरे ।' अर्का शिक्षक लक्ष्मणले थपे ।
'त्यही झोकले अहिलेका मेयर पुकारेलाई हामीले जिताएको त हो नि !'
'यसपालि त स्वतन्त्रले जिते हाइसुख ।' प्रअ भएका नवराजले डकार्दै बोले ।
अबदेखि लेबी चन्दा नउठाउने र झोला प्रथा नबोक्ने अठोटका साथ सबैले स्वतन्त्र विचारको सास फेर्दै थिए ।
कार्यलय सहयोगीले पानीसँगै एउटा चिठी पनि दिए । दुवै जनाले एकैपटक आँखा गाडेर चिठी सरसर्ती पढे । चिठीमा लेखिएको थियो, 'तटस्थ मूल्याङ्कन कार्यविधिअनुरूप देहायका तपाईं शिक्षकलाई निम्नअनुसार सरुवा गरिएको छ ।'

(hira.mani96@gmail.com)

कविता

# हामी लागौँ बलियो देश बन्छ

(समस्या)

दीनानाथ पोखेल

छन्द : वातोर्मी
गण : म. भ. त. गु. गु.

मान्नै पर्ने धरती दिव्य ईश ।
त्याग्दा वास्ता बह बढ्छन्, प्रशस्त ।।
आफै जागौँ पथ सत्कर्म बन्छ ।
हामी लागौँ बलियो देश बन्छ ।।०१।।

बन्छन् अग्ला मनका कर्म पाटा ।
लुक्छन् दुर्छे दिलका दुष्ट खाटा ।।
गाऊँ गाना कृतका विश्व भन्छ ।
हामी लागौँ बलियो देश बन्छ ।।०२।।

ऊर्जा आफ्नै दिलका टिप्न जानूँ ।
फल्छन् मोती मनका नित्य ठानूँ ।।
लेखूँ नौलो श्रम यो चेत भन्छ ।
हामी लागौँ बलियो देश बन्छ ।।०३।।

दुर्छे जाली मनको दोष फालूँ ।
मैत्री टिप्दै सुखको दीप बालूँ ।।
मान्छे उठ्दै धनको चाङ गन्छ ।
हामी लागौँ बलियो देश बन्छ ।।०४।।

जुम्से आलस्य उठाएर फालूँ ।
कर्मी बन्ने पथमा पाद चालूँ ।।
आफू लागे मनले मार्ग खन्छ ।
हामी लागौँ बलियो देश बन्छ ।।०५।।

खाना नाना श्रमले नै जुटाऊँ ।
आशा फल्ने दिल अग्लो बनाऊँ ।।

खुल्दा बाटो मन उत्साह लिन्छ ।
हामी लागौँ बलियो देश बन्छ ॥०६॥

हेरूँ अग्ला गिरि छन् माथि डाक्छन् ।
उठ्दै लम्के मनले सौख्य ताक्छन् ।
बाँचून् आशा नरको चेत भन्छ ।
हामी लागौँ बलियो देश बन्छ ॥०७॥

(dnpokhrel96@gmail.com)

लघुकथा

# प्रेमको पुनर्मिलन



**नन्दलाल आचार्य**
**(गोलबजार, सिराहा)**

'ज्ञानचक्षुको अभावमा हासिल गरेको अद्‌भुत चिजमा हामी गर्व गर्न सकिरहेका छैनौँ ।' सलहेशको मलिन आवाज सुनेर मालिनी छक्क परिन् ।

मालिनीले आन्द्राभुँडी देखाउँदै भनिन्, 'म विराट् दरबारकी राजकुमारी हुँ । मैले प्राप्तिको रस मात्रै चाखेकी छु । समाप्तिको दुर्गन्ध अनुभूत गरेकी छैनँ ।'

'म पासवानको इष्टदेवता भएँ । दुनियाको लोकनायक ठहरिएँ । विराट् राजाकी छोरीको प्रेमी कहलिएँ । ज्वाइँ बन्न अड्चन आयो भन्दैमा ज्ञानचक्षु गुमाउँदिनँ ।' सलहेशले कठोर छातीभित्रको आवाजलाई कोमल ध्वनिमा सार्वजनिक गरे ।

मालतीले एक कदम अघि सर्दै थपिन्, 'म कोमलताकी प्रतीक नारी हुँ । हजुरलाई मैले आफ्नो कोमल मन सुपुर्दगी गरिसकेँ । पछि सर्ने कुरा नगर्नुस्; अघि बढ्ने योजना ल्याउनुस् ।'

'हेर्नुस्, मालती ! म लोकको विश्वास हुँ । शक्ति हुँ । आस्था र विश्वासको अचल प्रतीक हुँ । हाम्रो प्रेमलाई प्रत्यक्ष प्राप्तिमा बदल्न लोकसमाजलाई मान्य छैन भने हामीले जिद्दी गर्नहुन्न ।'

मालतीको मनमा ठुलो चोट पर्‍यो । उनले भनिन्, 'हामी एक भइरहने र लोकविश्वास कमाइरहने उपाय गरौँ । जसले गर्दा सर्प पनि मरोस्, लाठी पनि नभाँचिओस् ।'

'जनविश्वास भनिरहेको छ– सलहेशको पूजा गर्नाले मनोकाङ्क्षा पूरा हुने, सन्तानप्राप्ति हुने, रोगव्याधि समाप्त हुने गर्छ । फूलबारीधाममा दुर्लभ जातिका जडीबुटीहरू पर्याप्त पाइन्छन् । यस्तो जनविश्वास हाम्रो वचन पालनाले सम्भव भएको हो ।' सलहेशले लामो श्वास फेर्दै भने ।

अन्ततः मालतीले हरेक वर्ष वैशाख १ गते फूलबारीधामको हारमको रूखमा सुनाखरीको फूलमाला भई फुल्ने वचन दिइन् । सलहेशले पनि महिसोथाको घरबाट हात्ती चढेर गोविन्दपुर–माणिक दहमा स्नान गर्ने र फूलबारीधाम पुगेर पूजाअर्चनाका लागि सोही फूलमाला टिपी फर्कने विश्वास दिलाए । यसरी प्रेमको पुनर्मिलनको चक्र हरेक वर्ष वैशाख १ गते दोहरिरहेको छ ।

कथा

# मृत्युपछिका जिउँदा मानिस

**देवराज राई**

कुरा २०६० सालतिरको हो । त्योभन्दा पहिले कहीँकतै भेट भएको पटक्कै थिएन । उनी थिए त्यतिबेला १३ वर्षका मात्रै ! तर तर्क दिन्थे हाम्रा बुज्रुक मास्टर साबहरूलाई खुत्रुक्क पार्ने खालका । उनका कुरा सुन्न थालेपछि सबैको नौनारी गल्थ्यो । हाम्रो ग्रामीण भूभागमा मास्टर भनेपछि असाध्यै ठुलो विद्वता भएको मान्ने चलन छ । उनीहरू सम्मानित जान्ने, बुझ्ने, गन्यमान्य मान्छेका रूपमा समाजमा स्थापित भएका हुन्थे । त्यो फुच्चेलाई नपत्याएर मास्टरहरू हेर्थे । कतिपयले भेट्दा यति धेरै कुराहरू बुझ्न सक्ने यो बालक मानव हुन् के ? भनी विश्वास गर्दैनथे । सायद उनी मानिस साना भए पनि तर्कमा समाज रूपान्तरणका अचुक उपायहरू बोल्थे ।

उनै पात्रसँग मेरो भेट भयो । उनी तीन गाविसमास्तिरका ठिटा रहेछन् । त्यतिखेर म भने १७ वर्षको थिएछु । उनको र मेरो पढाइ झन्डै बराबर थिएछ । उनी सात कक्षा पास गरेर जनयुद्धमा सामेल भएका रहेछन् । मैले आठ कक्षा पास गरेर एक वर्ष भारी बोक्दै बिताइसकेको थिएँ । दसैँतिहारमा केही समय गाउँमा बस्दा गाउँको सेवा गर्न साना साना भाइबहिनीसँग मिलेर 'दाम्ली बाल समूह' गठन गरी त्यसमा सक्रिय थिएँ । त्यसले गर्दा म अलि फराकिलो सामाजिक कामको खोजीमा थिएँ । मैले नाटक लेखेँ । नाम 'सरसफाइ र शिक्षा' दिएँ । हामी समकालीन भाइबहिनीले नाटकमा काम गर्‍यौँ । गाउमै सानोतिनो मञ्च बनाएर गाउँका बुबाआमा र दाजुभाइ दिदीबहिनीको चेतना अभिवृद्धि गराउन नाटक मञ्चन गर्‍यौँ । नाटक देखाएपछि गाउँमा शिक्षा फैलियो । नाटकमा धेरै ठुलो विषय समेटिएको थिएन । गाउँघरमा जनसङ्ख्याको चाप बढिरहेको थियो । जनसङ्ख्या बढ्न नदिन शिक्षा जरूरी थियो ।

१३/१४ वर्षमा बिहे गर्ने र पन्ध्र वर्षपछि तिनै दम्पतीले सन्तान जन्माउँथे । यसले गर्दा समाजमा अनेक समस्या बढ्दै जान्थ्यो । यस्तो नहोस् भन्न कम सन्तान उत्पादन गर्ने गाउँकै केही शिक्षित व्यक्तिको उदाहरण नाटकमा प्रस्तुत गर्‍यौँ । सानो परिवार सुखी परिवार नारालाई स्थापित गराउन  नाटकमा खुब अभिनय गर्‍यौँ । गाउँका प्रायः मानिस ईश्वरले दिएको थाप्नुपर्छ भन्दै डेडेढ वर्षमा सन्तान जन्माउँथे । यो काम अनियन्त्रित हुँदै थियो । नाटक प्रदर्शनपछि कम कम हुँदै नियन्त्रित भयो । घट्न थाल्यो जनसङ्ख्या ।

अर्को विषय गाउँमा फोहोरमैलाको व्यावस्थापन निकै चुनौतीपूर्ण थियो । गाउँघरमा खोल्सी जङ्गल नजिक भएको हुनाले चर्पीमा दिसापिसाब गर्ने चलन थिएन । चर्पीमा दिसापिसाब नगर्ने मानिस जहिल्यै रोगी हुने र उसले काम गर्न नसक्दा बालबच्चालाई शिक्षादीक्षा दिन नसक्ने भएकोले चर्पीमै दिसापिसाब गर्नुपर्छ भन्ने सन्देश नाटकबाट दिएका थियौँ । हामी साना साना बालबालिकाले मङ्सिरपौषको कठ्याङ्ग्रिँदो जाडोमा दलित समुदायको घरबाट चर्पी बनाउन सुरु गर्‍यौँ । चर्पीमा दिसापिसाब गर्नुपर्छ भन्ने शिक्षा स्वास्थ्य पढाउनुहुने गुरु

सत्यकुमार राईले बुझाए । हामीले नाटक त्यही पढाइको मेलोबाट सुरु गरेका थियौँ । २०५९ मङ्सिरपुसभरि गाउँका प्रत्येक घरमा एक घर एक चर्पी बनायौँ । दिउँसोको दुई बजेसम्म घरको काम भ्याएर त्यसपछि चर्पी बनाउने अभियान सञ्चालन गऱ्यौँ । बाँसको टाटीले बारेर खर अर्थात् फुसको छाना छाएर लगभग चालिसओटा खाल्डे चर्पी निर्माण गऱ्यौँ । यस कार्यका निम्ति कुनै पनि कल्याणकारी संस्थाबाट अनुदान लिएनौँ । स्वतःस्फुर्त रूपमा सहभागी भएर बनायौँ । मेरो बाल्यकालको दिनचर्या यसरी गुज्रिएको थियो ।

यसका साथै गाउँका प्रत्येक बालबालिकालाई स्कुलसम्म पुऱ्याउन पहलकदमी लियौँ । प्रत्येक घरका नानीबाबु स्कुल जाने वातावरण बनेपछि हामी आआफ्नो कामधन्दामा लाग्यौँ । अहिले त्यसरी पढ्न पठाएका भाइबहिनीहरू कोही सरकारी कर्मचारी कोही शिक्षक कोही राजनीतिकर्मी कोही सञ्चारकर्मी कोही दक्षिण कोरिया कोही नेपाल आर्मी कोही नेपाल प्रहरीमा कार्यरत छन् । मलाई भने समाज रूपान्तरणको अभियानले अझै छाडेको छैन । यसो हुनुको पछाडि मलाई २०६० साल माघ ५ गतेतिर उनै १३ बर्से मित्र टविन राई (उपनाम ज्वाला) सँग गाउँको माध्यमिक विद्यालय प्राङ्गणमा भेट भयो । भेटमा उनका हरेक कुरा गराइ प्रभावकारी लाग्थ्यो । त्यसमा पनि समाज सेवा गर्ने मान्छे समाजको मात्रै होइन विश्वकै लागि असल मान्छे हो भनेपछि म उनीसँग नजिकिन पुगेँ । त्यसमा पनि कम्युनिस्ट हुनु त अझ सुन्दर मानिस हुनु हो भन्थे । त्यसपछि त म हुन खोजेको मानिस पनि त्यस्तै नै थिएछ भन्ने लाग्यो । मेरो मनमा रहेको केही हुटहुटी यसरी मेटियो । पारिवारिक रूपमा त्यतिबेला मेरी दुई बहिनी र दुई भाइ थिए । बुबाआमासहित हामी सात सदस्यीय परिवार थियौँ ।

थप कुरा बुझ्न चासोसहितको प्रश्न गरेँ मैले उनलाई । त्यसपछि मेरा अनन्य मित्र ज्वालाजीले व्याख्या गरे कम्युनिस्ट शब्दको । नेपालीमा साम्यवादी विचारलाई कम्युनिस्ट भनिन्छ । समाजमा दुईओटा वर्ग हुन्छ, धनी र गरिब । त्यो मेटेर समानता ल्याउने संसारको सबैभन्दा उत्तम सिद्धान्त हो यो ।

कसरी सम्भव छ ? भनेर सोधेँ । उनले भने, किन सम्भव नहुनु । नेपालमा माओवादीले जनयुद्ध लडिरहेछ । जनयुद्ध भनेको जनताको हकहित ल्याउन लडिएको जनताकै सहभागिताको लडाइँ हो । सत्तासिनहरू यो लडाइँ समाप्त पार्न जनतामाथि आतङ्ककारीको बिल्ला लगाइरहन्छन् । जनतामाथि ज्यादती गरेर उनीहरू सत्ता जोगाउँछन् । यसको अर्थ जनतालाई लुटेर सत्तास्वार्थमा रम्नु हो । के हामी आतङ्ककारीजस्ता छौ त ? भनेर मलाई उनले प्रतिप्रश्न गरे ।

सुन्दा सबै कुरा ठिक लागेको छ । राम्रो कुरा गरिरहनुभएको छ । तसर्थ मैले छैन भनेँ । त्यसपछि फेरि कुरा गर्न थाले, हो त्यसैले सरकारले हामी जनतामाथि ठुलो खेलबाड गरिरहेछ । अधिकार दिन कन्जुस्याइँ गरेर अनेक थरी आरोप लगाइरहेछ । माओवादीले सरकारको ज्यादती सहन नसकेर अधिकार लिन विचारको बन्दुक उठाएको हो । रूकुमरोल्पामा माओवादीको नाममा थुप्रै निशस्त्र जनता मारिए सरकारका तर्फबाट । त्यसको प्रतिरक्षा गर्न बन्दुकको विरुद्ध बन्दुक उठाएर माओवादीले प्रतिरोध गरेको सात वर्षमै सरकारलाई आच्छुआच्छु बनाएको सत्य हो । जनयुद्ध सुरु हुँदा माओवादीसँग दुईओटा भरूवा बन्दुक थियो । यसरी सुरु भएको जनयुद्ध आज देशैभरि फैलिसकेको छ । बिस हजार जनमुक्ति सेना छ । दश हजारभन्दा बढी शाही सत्ताको अत्याधुनिक हातहतियार खोसेर माओवादी अझै शक्तिशाली

बनेको छ । यही सन्दर्भलाई हेरेर चिनिया नेता कमरेड माओत्सेतुङको भनाइ उधृत गरे, 'विचार सही छ भने आफूसँग नभएको हरेक चिज प्राप्त हुँदै जान्छ । गलत छ भने गुम्दै जान्छ ।' माओवादी गलत थियो भने दुईओटा भरुवा बन्दुक हुँदा नै सिद्धिन्थ्यो । शाही सरकार गलत भएकोले उनीहरू युद्धमा पराजित भइरहेछन् । यसो भनेपछि म स्पष्ट भएँ । म पनि सामाजिक रूपान्तरणको यो विशाल युद्धमा सामेल हुन्छु भनेँ । समाज रूपान्तरणको अभियान जनयुद्धसँग यसरी प्रभावित भएँ । यसका बिछट्टैका अनुभवहरू छन् ।

यसबिच मलाई जनयुद्धमा लामबद्ध गराउने योद्धा अहिले हामीमाझ छैनन् । उनी बन्दीपुरको युद्धमैदानमा सहिद भए । उनीजस्ता थुप्रै योद्धा गुमाएर हामी भने बाँच्यौँ । त्यसमध्ये पनि उनी सानैदेखि कसैसँग हेपी नमाग्ने र कसैलाई नहेप्ने, हेप्यो भने नसहने विद्रोही थिए । प्रतिवाद गरिहाल्ने स्वभाव थियो ।

पछिल्लोपटक उनी सैन्य फाँटमा गएछन् । त्यतिखेर उनी जम्मा १५ वर्षका थिए । शारीरिक हिसाबले भने हामीभन्दा बेहत्तर सुगठित शरीर थियो उनको । एउटा युद्धमोर्चामा दुस्मनलाई ढालेर एलएमजी खोसेछन् । युद्धका बेला त्यो हतियार अत्यन्तै प्रभावकारी मानिन्थ्यो । त्यसले धेरै टाढा टाढाको दुश्मनलाई समेत ढाल्न सकिन्थ्यो । दुस्मन ढालेर यस्तो महत्त्वपूर्ण हतियार खोसी ल्याउने आँट जो कोही योद्धामा पाइँदैन । त्यसबेला उनीभन्दा सिनियर कमान्डरले हेपेर त्यो हतियार मैले ल्याएको भनेर श्रेय लिन खोजेछ । रिपोर्टिङको क्रममा उनको नाम आएनछ । कमान्डरकै आँखाअगाडि तपाईं लड्ने बेला ढुङ्गामा लुकेर मलाई समेत कभर नदिई बस्ने अनि हतियार चैँ कतिखेर लिन जानुभयो कमरेड ? भनेपछि यसरी जोखिम उठाउने योद्धा फर्मेसनमा अरू नहुन सक्छ भन्ने मूल्याङ्कन गरेर माथिल्लो सैन्य कमिटीले बेइमान कमान्डरलाई हटाएर उनलाई सेक्सन भिसीको नियुक्ति दिएछ । यसरी उनलाई सहायक कमान्डर बनाइयो ।

पछि जनमुक्ति सेनामा सँगै लड्ने मित्र कमरेडले उनका बारेमा सुनाएपछि उनको यो कथा बनेको हो । त्यसपछि सैन्य पङ्क्तिले उनलाई विश्वास गर्‍यो । एसल्ट ग्रुपमा रहँदा जहिल्यै फस्ट एसल्टमा पर्‍यो भने मात्रै युद्धमा जाने नभए विद्रोह गरेर आफै फस्ट एसल्टमा बस्ने गरेको टिमका कमान्डरहरू बताउँछन् ।

उनी र हामी यसरी छुट्यौँ । उनी सहिद बने । देशको उज्यालो तारा बनेर चम्किरहे । म अझै अन्धकारमा त्यही सहिदको बाटो पच्छ्याएर निरन्तर समाज रूपान्तरण गर्न लागिरहेछु । सक्छु कि सक्दिनँ थाहा छैन ? यो प्रश्नले मलाई चिमोटिरहन्छ । जनयुद्धमा लागेपछि २०६२ चैत अन्तिमदेखि निरन्तर कलम र विचारमार्फत पाठकमाझ समाज रूपान्तरणबारे आउन कोसिस गरिरहेछु । छापा र अनलाइन पत्रिकामा विभिन्न लेखरचन, विशेष गरेर कविता लेखेर प्रकाशित गराउँदै छु । मैले लेखेको प्रत्येक मसीको थोपो तिनै गम्भीर कुराकानी गर्ने र समाज रूपान्तरणको निम्ति अमरत्व प्राप्त गर्ने महान् सानो भाइको बलिदानले भरिभराउ छ । लेखिरहन्छु अविचलित भएर । त्यहीँ प्रेरणाको कारण म यहाँसम्म आइपुगेँ । यो सङ्घीय गणतन्त्र, संविधान निर्माण समावेशी समानुपातिक जनताको हकअधिकार तिनै मृत्युपछिका जिउँदा मानिसले स्थापित गरेका हुन् । तिनै सहिदको रगतले अमूल्य काम गरिरहेछ । यस कथाले पनि उनैको उद्देश्यमा टेवा पुर्‍याउने छ ।

(kiratydevraj@gmail.com)

शब्दचित्र

# जडमुक्ति नायक



माधव काफ्ले

भूत, भविष्य, वर्तमानलाई एकैसाथ पयट लगाउँदै, एउटै गतिमा, एउटै समानान्तर सिधारेखा कुल्चेर निरन्तर निर्बन्ध हिँड्न सक्ने पुरुषार्थी वाणी साधक हुन् मनु ब्राजाकी ।

महाकालका हिमायती र अजातशत्रु ।

सदावहार सिर्जन परम्पराका उन्नायक साधक ।

समाधि र एकाग्रताको बलले कुनै पनि साधक भविष्यद्रष्टा हुन सक्छ भन्ने आलो नजिरका पर्याय ।

अझ भनौँ प्रभावशाली कुशल शब्दशिल्पी अर्थात् बिन्दास रूपमा निरन्तर साधना गर्दै आएका परिचित उम्दा लेखक । कथा एवम् संस्मरण र गजलमा युगीन पीडा, प्रतारणा र यसैसँग गाँसिएका सन्दर्भ, परिवेश र पृष्ठभूमिमा आरूढ चारित्रिक विचलन, विशृङ्खलित तामसी जीवन पद्धतिको जीवन्त चित्रण प्रस्तुत गर्न खप्पिस वेदाग वाणी साधक ।आख्यानीकरणका सन्दर्भमा बिना कुनै कृत्रिमता शक्तिशाली क्यारेक्टरनिर्माण गरी त्यसैको जगमा टेकेर सर्वप्रिय स्वर समात्दै विषय विस्तार गरी पाठकलाई तत्काल प्रभाव पार्न सक्ने कोमल, इमानदारी र मनोहारी शिल्प चेतनाको पौल भएका चेतनशील शब्द शिल्पी ।

मिठास लेखनका पर्याय र नवीनताको पक्षधर ।

आला अभिभाज्य आरोहण यात्राको तारतम्यमा नै कसैले समाते भने समातिहाले हैन भने उनी कतिबेर हातमा परिसकेको हिलेमाछो फुत्केझैँ प्लुत्त चिप्लेर सुइँचट हुन पुग्थे कसैले थाहा नै पाउन नसक्ने परजीवी ।

हतपत हरेस नखाने आँटिला वाणी साधक । सुविधैसुविधाको सुगन्धित बगैँचामा चिरनूतन परम्परा बोकी मग्मगाउने खालका निर्मल सिर्जनकर्मी ।

नेपाली साहित्यमा लाभ्रेकाँडा बिच फुलेका सुवासित गुलाफ कुनै थिए भने ती प्रणम्यसाधक मनु ब्राजाकी नै थिए ।

सफल लेखक प्रायशः भावुक प्रकृतिका नै हुने रहेछन् । कल्पनाको मनोजगत्बाट ओर्लेर जब उनीहरू यथार्थमा टेक्न आइपुग्छन् त्यस बखत भने धेरै धर्मरिएर प्रयोगको मार्गतिर लाग्ने रहेछन् । ब्राजाकी भने त्यही यथार्थवादको जगमा टेकेर अलिकति पनि विचलित नभई निरन्तर त्यही कित्तामा उभिएर साधना गरिरहने साहस देखाउँदै अघि बढेका सफल लेखक हुन् ।

संवेदनात्मक अवरोधले मानसिक क्षयीकरण हुन सक्ने यथार्थले घिसार्दै लगिरहेको सन्दर्भमा ज्ञानेन्द्रियमा सक्रियता र विचारमा स्वस्थता ल्याउन उल्लेख्य पसिना चुहाउने कलमवीर हुन् उनी ।

शालीन, शिष्ट जीवनशैलीका हिमायती उनी कहिले कसैको दुस्मन बनेनन् । कसैसँग वैरभाव राखेको देखिएन । कसैसँग होक्काँ गरेर सिँगौरी खेलेनन् । जति बाँचे कसैसँग रिस, इबी, वैरभाव, वैमनश्य, डाह, प्रतिशोध नगरी/नराखी बाँचे । जति सकिन्छ शिष्ट बने, शालीन बने, सरल बने । निहुरिए, घोप्टिए, निचोरिए, ताछिए, तछारिए तर कहिल्यै नाडी सुर्केर द्वादश गरेनन् । बाझेनन् । कसैलाई बझाएनन् । सहनु, सहनु र सहनुका पराकाष्टामा पुगेर पनि शिष्टताका

असल उपाशक र हिमायती बनेरै बाँचे/बनेरै मरे ।

आफूमाथि पोतिँदै आएको गार्हस्थ पीडाको अँध्यारोलाई यथावत् राखी बिन्दास पारामा एकोहोरो लेखन यात्रामा आवश्यकताहरूको डँडाल्नु कुल्चेर निरन्तर हिँडिरहे ।

अनि कसैको हिमायती पनि कहिल्यै भएनन् । न कसैको साथ पाए । न कसैलाई साथ दिए । न कसैले उनलाई भरथेग गरे । न कसैलाई उनले भरथेग नै गर्न सके । न कसैको सेवा गरे । न त कसैको चाकडी गरे । न आफू भजिए । न त कसैलाई भजाउन नै सके । जति बाँचे कन्फट्टा भएर बाँचे । दिगम्बर भएर बाँचे ।  कसैलाई अभर नपारी अवधूत भएर बाँचे ।

पिउने सन्दर्भबाहेक उनले कहिल्यै कसैको सामु लिप्सा देखाएनन्, तिर्सना देखाएनन्, बिखेत गरेनन् । दृश्यमान भएर कसैलाई लल्कार्दै हिँडेनन् । न त कसैलाई चिमोटी हिँडे । न त कसैद्वारा चिमोटिए । उनी पनि मानिस प्रजातिकै प्राणी थिए । इच्छा पनि थिए होलान्, रहर पनि थिए होलान्, उडान पनि थिए होलान्, खुसी पनि थिए होलान्; देखाएनन् । कसै सामु याचना गरेनन्, फिराद गरेनन्, गुनासो गरेनन् । न दुख्यो भने । न त कसैलाई दुखाउन नै चाहे । जति दिन बाँचे स्वाभिमानी भएरै बाँचे । स्वाभिमानी भएरै मरे ।

च्यातिए, चोइटिए पनि कसैलाई चिथरेनन् ।

आदि, मध्य र अन्त्य थाहा पाउन नसकिने शतत् गतिशील यायावर कोही भए मलाई ती सुपरम्यान मनु ब्राजाकी नै हुन् जस्तो लाग्छ ।

उनी कथामा आए र मानक मियो गाडे । गजलमा फिँजिए र उद्‌बोधन कालको नेतृत्व गरेर हिँडे । संस्मरणमा ओर्लिएर सबैको मनभित्र छिर्न पुगे । समालोचनामा पोखिएर निरपेक्ष हुँदै गए । भूमिकामा झुल्किएर सबैलाई मक्ख पारे । अनुवादमा उदाएर आलङ्कारी हुन थाले । वास्तवमा उनी अन्धाहरूका लागि हाती सरह भएर नै बाँचे । जसले जहाँ छामे, जहाँ सुँघे, जहाँ स्पर्श गरे र अनुभूति सँगाले उनीहरूको त्यही बुझाइअनुसार परिभाषित हुँदै हिँडे । कतिका कुरा उनले सुने । कतिका कुरा उनले सुनेनन् । कति बाङ्गिए, कति बटारिए, कति बाउँडिए तर पनि लेख्न भने छाडेनन् । सुकिलो अनुहारमाथि दारुण लालित्य पोतेर लेखिरहे, लेखिरहे जीवनको गीत र त्यसलाई उन्मुक्त गतिमा गाइरहे । बुझेर पनि बिना फिराद, बिना आग्रह अविश्रान्त यात्राका आरोही बनेर ।

सधैँ अभिधामा सुसाइरहे, लक्षणामा गुञ्जिरहे र व्यञ्जनामा घन्किरहे ।

आफै शब्द, शैली, मिथक, आफै अलङ्कार बने । लालित्य पनि आफै, उपमा पनि आफै, प्रतीक पनि आफै र विम्ब पनि आफै बनेर परिचयविहीन परिचयको चुलीका रूपमा जीवनभर छङ्छङाइरहे ।

जमिनदार घरानाको वारिस भएर पनि हली, गोठालादेखि लिएर सर्वोच्च निकायका अधिपतिसम्मको घाँटी छाम्दै प्रत्येकमा देखा पर्दै आएका विसङ्गतिबोधको छाला तर्दै चरित्र पतनका क्रूर, बर्बर र पाषाण कार्य शृङ्खलालाई निर्भय, निशङ्कोच उधिनिरहे ।

मेरो, तेरो, आफ्नु, पराया भनेर कसैलाई पनि बाँकी राखेनन् । उनका सिर्जनामा अधोगति आडम्बरमा निमग्न डुब्दै गएका पात्र घरका पनि थिए । बाहिरका पनि थिए । नाताका पनि थिए । परचक्री पनि थिए । मेरा, तेरा, उसका सबैका साक्षी र साक्ष्य भएर मानवताको अखण्डदीप जलाइरहे । चाहे त्यो 'राता आँखा पहैँला आँखा'मा होस, 'प्रेतको परिवारमा होस्', 'भविष्य यात्रामा' होस् ।

उनी कहिल्यै अर्काले बनाएको बाटोमा हिँडेनन् । खाल्टो भए पनि, गोरेटो भए पनि, गेग्ग्रान भए पनि चिप्लो भए पनि, चौँठे भए पनि आफैले खनेको बाटोमा 'मार्‍यो च्याङबा मार्‍यो, असिनामा पार्‍यो' भन्दै अविश्रान्त हिँडिरहे ।

जीवनभर उनी माति नै रहे तर त्यो मताइ, त्यो उन्माद, त्यो रनाहा, त्यो आवेग र आफन्तले गरी आएका मुटु छेड्ने खालका अपमान छपक्क छोपेर शालीन सिर्जनाको प्रतीकात्मक माध्यमद्वारा शिष्ट गतिमा सुसाइरहे ।

महाकवि देवकोटालाई आराध्यदेव ठानेर हिँडेका ब्राजाकी देवकोटाले भनेझैँ 'रिपिटेसन अफ सेम वर्क ह्याज नो मिनिङ' भन्दै रचनाविधानको नवीन बान्की, शिल्प र सौन्दर्यलाई पछ्याउँदै हिँडिरहे ।

मन्दिरमा ढोगेर गोजीमा जनै घुसारी मस्जिदमा नमाज गर्न पुग्ने ब्राजाकीले दालमण्डीलाई नै विश्वविद्यालय बनाई 'असहदो अल्लाह लाइल्लाहइलिल्ला'बाट आर्जित ज्ञान शृङ्खलामा पाइन हाल्दै कथामा प्राणवायु फुक्तै गए । दालमण्डी भनेको वनारसको चर्चित वेश्यालय हो । प्रत्यक्ष र अप्रत्यक्ष रूपमा यौनव्यसायका पाशविक क्रन्दन र प्रवृत्तिसँग परिचित भएपछि मान्छेका घृणित पक्षलाई खिपेर टिप्तै अक्षरमा उतार्दै गए । आखिर त्यही सीप र त्यही सर्वकालिक सिर्जनाले नै उनलाई आधुनिक पुस्ताका बहुमुखी प्रतिभाशाली स्रष्टाका रूपमा स्थापित पनि गर्‍यो । हजुर्बाउको कयस, दचक, बुहार्तनले पाछेको मानसिकता बोकेर मुसलमान साथी असदको सङ्गतमा एकोहोरो बग्दै गए । बाजेले बालवयमा तामसी हुर्मत निकालेर खियार्न खोजे पनि आखिर त्यही परित्यक्त संचेतना वरदान साबित भएको हुनाले त्यही अनुभूतिको अखण्डदीप जलाउँदै आफ्नो प्रतिभा खार्दै गए ।

यद्यपि वनारसमा उनको बसाइ त्यति सुखद् भने रहेन । त्यही वनारसका घाट, गल्ली र हिन्दु, मुस्लिमहरूको आपत्तिजनक द्वन्द्व, घात, प्रतिघातको अमानुषिक, साङ्घातिक जुहारीले उनको चेतनामा संवेदनाको यस्तो सुकिलो भ्रूण भरिदियो जसको चपरीमा टेकेर उनले नेपाली साहित्यमा चुली छुने लामो छलाङ मारे ।

उनले जहिले पनि र जहाँ पनि सनातनी जडतामा आबद्ध भएको आडम्बरी जीवन शैली र त्यसको पार्श्वछायामा उभिएर अदना मानिसलाई हल्लाइरहने कुटिल कीर्ते पद्धतिहरूको आन्द्राभुँडी तानेर उदाङ्गो पार्ने कलामा निष्णात भएर आफ्ना रचनामा सदाबहार सोचको सञ्जीवनी भरिरहे ।

हजुरबाउको प्रतारणायुक्त आडम्बरी आरनमा विवेकको साँध लगाउँदै खारिएर स्पात भइ निस्किएका ब्राजाकी नवीन शैली, शिल्प र कलामा आगो ओकल्दै उदाएका बहुप्रतिभाशाली, बहुआयामिक जडता विरोधी विचारका अधिनायक र जमिनसँग जोडिएका सच्चा लेखक हुन् । उनले सांस्कृतिक, मनोवैज्ञानिक, ऐतिहासिक, भौगोलिक, वैचारिक जडताको अन्तर्यमा पसेर त्यसको डँडाल्नु खुस्कने गरी आफ्ना सिर्जनामा जसरी प्रहार गरेका छन् त्यसको सार्वभौम गर्जन र सर्वप्रिय धुनको मिठासले गर्दा युगनायक स्रष्टाका रूपमा स्थापित हुन पुगेका विशुद्ध गाउँले अनुहार हुन् ।

सबै विधामा सफलतापूर्वक कलम चलाएर स्थापित हुने विश्वेश्वरप्रसाद कोइराला, तारणी कोइराला, भवानी भिक्षु, विजय मल्ल, पारिजात, जगदीश घिमिरेकै हाराहारीमा उभिएका तेजस्वी, शक्तिशाली स्रष्टा हुन् मनु ब्राजाकी । कसैको हिमायती हुन नसके पनि कसैप्रति विमति नराखी हिँड्ने ब्राजाकी युगनायक बनेर बाँचेका वाणी साधक हुन् । सङ्लो सोच, सुकिलो दृष्टि, सरल जीवनशैलीका धनी ब्राजाकी अग्राखको चुरो बनेर नेपाली साहित्यमा चुलिइरहे, चुलिइरहे र त्यस मानक चुलीलाई मूल्यबोधको हिसाबले उकासिरहे, दिग्दिगान्तर

चम्किने गरी उकासिरहे । उनको बिन्दास जीवन शैली र चमत्कृत लेखन शैली आज पनि नेपाली साहित्यमा स्मरणीय भएर बाँचेको छ ।

कालीदासले भनेझैँ–

क्व सुर्यप्रभवो वंशः क्व चाल्पविषया मतिः
तितीर्षुर्दुस्तरं मोहादुडुपेनास्मि सागरम् ।
मन्दः कवियशः प्रार्थीगमिष्याम्युपहास्यताम
प्रांशुलभ्ये फले लोभादुद्वाहुरिव वामनः ।

(अर्थात् कहाँ सूर्यबाट उत्पन्न त्यो तेजस्वी, प्रतापी वंश कहाँ यति लठेब्रो म । तर पनि म कागजको डुङ्गामाथि चढेर महासागर तर्ने जमर्को गरिरहेको छु । कवि पनि गणना गर्न लायक नभएको भुत्ते कवि हुँ । म ठुला ठुला कविमा गणना हुन सक्ने छु कि भनेर साधना गरिरहेको छु । यस्ता मूर्ख कुरा सुन्दा जो कोही पनि खिल्ली उडाउँदै हाँस्न सक्छन् । किनभने मेरो यस्तो कार्य त्यस्तो हो जस्तो कुनै बामपुड्के मान्छे आफ्ना ससाना हात माथि उठाउँदै ती आकाशीय फल टिप्न चाहन्छन् जुन लामो हात हुनेहरूलाई पनि हम्मेहम्मे पर्ने गर्छ) भनेझैँ जीवनभर विनीत भावमा, शालीन पारामा, शिष्टताको पर्याय बन्दै वाणी साधना गरिरहे, गरिरहे र आउने पिँढीलाई पनि 'वशुदैव कुटुम्बकम्'को सुकिलो भाव सेचन गरी जीवनको गीत गाइरहे ।

(madhavkafle8@gmail.com)

गजल

# गजल

**पद्मा रिजाल**
**(बाँके)**

पूर्णिमाको चाँदनीझैँ जिन्दगी होस्
खुसबुयुक्त माधवीझैँ जिन्दगी होस् ।

सोच्छ यो मन हरघडी आफ्नै विषयमा
दर्द मेट्ने ओखतीझैँ जिन्दगी होस् ।

कस नलागोस् कर्म गर्ने पाखुरीमा
बाटिकाका माहुरीझैँ जिन्दगी होस् ।

बाँसुरीले विश्वको मन जित्न सक्ने
कृष्णजीको जिन्दगीझैँ जिन्दगी होस् ।

हर समय म शान्त जीवन जिउन पाऊँ
यत्ति भन्छु हिमनदीझैँ जिन्दगी होस् ।

(rijaltiku@gmail.com)

समीक्षा

# कविताको बाढी

नेत्रप्रसाद न्यौपाने

शब्दाङ्कुर मेरो मेलमा नियमित आउँछ । यथार्थ बोलिनँ भने आफैसँग झुट बोलेको ठहर्छ । नढाँटी भन्ने हो भने मेल खोलेर पत्रिका नहेरेको धेरै भयो । करिब ६ महिनापछि २०८२ जेठको अङ्क पढ्ने इच्छा जाग्यो । केही कविता पढेपछि सबै पढिसक्ने आँट आयो । पढेपछि अघिल्ला अङ्कहरू नहेरेको प्रायश्चितस्वरूप पढेका कविताउपर लेख्ने जमर्को गरेँ । जेठको शब्दाङ्कुरलाई कविताको बाढी भन्न मन लाग्यो । त्यही बाढीमा पौडिने प्रयत्न गर्दै छु ।

'योगमाया र ६८ जलकुम्भीहरू' कवितामा शैलेन्द्र साकारले अरुण नदीको भीषण बाढीमा योगमाया र ६८ जवानको मृत्युको मार्मिक चित्रण गरेका छन् । कविले बालबालिका र किशोरको निःशब्द मृत्युलाई उद्घाटन गर्दै समाजले उनीहरूको पीडालाई आँखा चिम्लिएको आक्षेप लगाएका छन् । अन्तिम प्रश्नमा ईश्वर र समाजप्रति आक्रोश व्यक्त छ । यसरी कविताले प्राकृतिक प्रकोपभित्रको मानवीय त्रासदी र समाजले नदेखेका आँसुहरूको सशक्त अभिव्यक्ति गरेको छ । मोहन दुवालको 'बदलाको भावना मनमा बोकेर भऱ्याङ उक्लिरहँदा' कवितामा जीवनका कठिनाइरू, धोखा, षड्यन्त्र र स्वार्थी मानिसहरूको पीडाको चित्रण छ । कविले समाजमा फैलिएको कपट, घृणा र अरूलाई दुःख दिने मानसिकताप्रति आक्रोश व्यक्त गरेका छन् । उनले जीवनको सङ्घर्ष र दुःखलाई स्वाभाविक माने पनि मान्छेको क्रूरताले मनमा बदलाको भावना जगाएको बताएका छन् । अन्ततः उकालो चढ्दै आफूलाई सुधार्न खोज्ने प्रयासमा पनि अरूको पतन देखेर आत्मचिन्ता र आशङ्का उब्जिएको छ । कविताले निराशा र आशाको द्वन्द्व, सामाजिक विषमता र आत्मसङ्घर्षको गहिरो अभिव्यक्ति दिएको छ । भीष्म उप्रेतीको 'हतार'मा आधुनिक जीवनको अशान्ति छ । प्रकृति (हावा, पानीदेखि मानिस युवा, परिवर्तन, जन्म, मृत्यु) सम्म सबैमा एक अन्तहीन दौड छ । यस हतारको बिचमा कविले आशाको सानो पसल थापेका छन्, तर यो पनि उपेक्षित र ग्राहकविहीन छ । समयलाई बोराजस्तै ओछ्याएर बस्ने प्रतीकात्मक अभिव्यक्तिमा जीवनको निस्सारता र अर्थको खोजी छ । अन्ततः, कवि यसै हतारभरि संसारको विडम्बना र आफ्नो एकान्तताको प्रतिविम्ब हेर्छन् । अभय श्रेष्ठको 'औँला'मा नेपाली समाजको कटु यथार्थ छ । प्राकृतिक सम्पदा साझा भए पनि व्यवस्थाले यसलाई शोषकको खातामा कैद बनाएको छ । कविले भ्रष्टाचार, अन्धविश्वास, र उत्पीडनलाई संरक्षित परम्परा भनेर व्यङ्ग्य गरेका छन् । जहाँ घुस नदिए मुर्दाले पनि बाटो पाउँदैन । व्यक्तिगत अनुभवमा आधारित पङ्क्तिहरू औँला ठड्याउन नसकेकाले व्यवस्थाको निर्ममतालाई देखाउँछ । अन्त्यमा, कविले मानवीय मौलिक अधिकार मान्छे भएर बाँच्ने सरल माग राखेर समाजप्रतिको आक्रोश र आशाको सन्तुलन प्रस्तुत गरेका छन् ।

शारदा घिमिरे भैलको 'लेख्न त मन थिएन व्यथा'मा व्यक्तिगत र राष्ट्रिय पीडाको गहिरो अन्तर्सम्बन्ध अभिव्यक्त छ । कवितामा कविले मनको व्यथा लेख्न नचाहे पनि देशको दुःखले

उनलाई पीडित बनाएको स्विकारेकी छन् । बुढी आमाहरूका अनुभव, टुटेका सपना र गुम्सिएका कथामार्फत उनी पिँढीगत पीडाको चित्रण गर्छिन् । मौन र शब्दहरूको द्वन्द्वले भित्री वेदनालाई जनाउँछ । अन्त्यमा, प्रकृतिमा पनि कठिन अवस्थामा फुल्ने फूलहरूको प्रतीकले आशाको सङ्केत गरेको छ । कविताले पीडा, सहनशीलता र आशाको सूक्ष्म सन्तुलन प्रस्तुत गर्दछ । प्रोल्लास सिन्धुलीयको 'खड्गबहादुर भुजेल'मा प्रताडित सैनिकको जीवनको निरन्तर यातनालाई प्रतीकात्मक रूपमा चित्रण गरिएको छ । खुकुरी, तरबार यहाँ शोषणको साधन र आतङ्कको प्रतीक भएर उपस्थित भएका छन्, जसलाई भुजेल आफ्नै हाडले सोझ्याउँछन् तर उनैको शरीर खिइँदै जान्छ । आफ्नो पहिचान, स्वाभिमान र आफ्नै हातको आवश्यकतासमेत बिर्सन बाध्य शोषितको नियतिबद्ध पीडा र व्यवस्थाको निष्ठुरतालाई अधिकारपूर्वक उजागर गरिएको छ ।

रमेशप्रसाद सागरको 'भुइँमान्छे' कविताले साधारण मेहनती मानिस (विशेष गरी किसान वा श्रमजीवी) को गुमनाम जीवनको महिमा गरेको छ । कवितामा भुइँमान्छेले आकाश छुने सपना नबोके पनि माटोमा बिउ रोप्ने, पीडा सहने र जीवन फुलाउने व्यावहारिक ज्ञान प्रदर्शन गर्छ । उसको जीवनमा न त पखेटा छन् न त समुद्रपारको भव्यताको इच्छा तर पाइतालाका कुर्कुच्चा र माटोको न्यानो स्पर्शले उसको सन्तुष्टि देखाइएको छ । कविताले मौनतालाई भुइँझैँ स्थिर र अपरिहार्य बताएर श्रमजीवीको अस्तित्वलाई महत्त्व दिएको छ । दियेशरत्न शाक्यको 'यो धर्तीको प्रिय मान्छे' कविताले धरती र श्रमजीवीको अटुट सम्बन्धको गहन चित्रण गरेको छ । कविले धरतीलाई चुम्बकको रूपमा प्रस्तुत गरी किसान, मजदुर र श्रमजीवीको आफ्नै तरिकाको आकर्षण रहेको तर्क अघि सारेका छन् । यी मानिसहरूले पसिना बगाएर धरतीलाई सजाउँछन् तर उनीहरूको योगदान प्रायः गुमनाम रहन्छ । कविताले समाजको विडम्बनालाई खोल्छ, जहाँ जमिन छाडेर भाग्नेहरू नायक बन्छन् । धरतीको धुलोसँग खेल्नेहरू उपेक्षित हुन्छन् । अन्तिम प्रश्नहरूले वास्तविक नायकत्वको पुनर्परिभाषा गर्दै जमिन टेक्ने वा त्याग्ने शङ्का उत्पन्न गरेको छ । यसरी कविताले श्रम, प्रकृति र सामाजिक न्यायका बिचको जटिल सम्बन्धलाई उजागर गर्दछ । लक्ष्मी थापाको 'एक मजदुरको आर्तनाद' कविताले पुँजीवादी व्यवस्थाअन्तर्गत श्रमिकको शोषण र आत्मविसर्जनको मार्मिक चित्रण गरेको छ । कविताको नायकले आफ्नो शारीरिक शक्ति, उमेर र सपना पनि बजारमा बेच्न बाध्य भएको अनुभवलाई व्यक्त गर्छ । कामको मेलामा पसिनाको थोपा बेच्ने प्रक्रिया उसको जीवनको नियति बनेको छ । तर अन्त्यमा ऊ जीर्ण भइसकेको छ, उसको श्रम पनि अब कसैले किन्न चाहँदैन । यसले पुँजीवादको निर्ममता (मानवीय मूल्यलाई मात्र मोलतोल गर्ने) र श्रमिकको निरूपायता (भोकमरी पनि बेच्न नपाउने अवस्था) लाई सङ्केत गरेको छ । एकदेखि अर्को पुस्तासम्म दोहोरिने शोषणको चक्र र व्यवस्थाप्रतिको आक्रोश सार्थक ढङ्गले उठाइएको छ ।

प्रमोद सारङ्गको 'कुर्सी प्रधान देश' कविताले नेपाली राजनीतिक व्यवस्थाको विडम्बना र जनताको पीडालाई तिखो व्यङ्ग्य गरेको छ । देशलाई कुर्सी प्रधान भनेर नेतृत्व बेमौसमी आलीजस्तो असार्थक र जनताको आँसु, पसिना तथा रगत मात्र सिँचाइको साधन बनेको तथ्य अघि सारेका छन् । भ्रष्टाचार (चाकडी, नातावाद), झुटा आश्वासन र रेमिट्यान्समा निर्भरतालाई कविले बन्जर भविष्यको रूपमा प्रस्तुत गरेका छन् । अन्तिममा स्वाधीनताको सपना नगदे बालीजस्तै बारम्बार धोका खाइरहेको छ भन्ने कटु यथार्थले कवितालाई विद्रोही स्वर दिएको छ । यो शोषक व्यवस्थाप्रति एउटा ज्वलन्त प्रहार हो । सन्तोष पौडेलको

'विद्रोहको स्वर'ले शोषित वर्गको सङ्घर्ष र विद्रोह प्रतिध्वनित गरेको छ । कविले श्रमको मूल्य (लुगा सिउने, इस्पात पिट्ने, फसल उब्जाउने) र राष्ट्रिय प्रतीकहरू (झन्डा, सान) बोक्ने जनताको भूमिकालाई उजागर गरेका छन् तर यी श्रमिकहरू जातपातको बलि बनेका छन् भन्दै समाजले उनीहरूको अस्तित्व नै बिर्सेको दाबी गरिएको छ । कविताको केन्द्रीय प्रश्न नै सामाजिक अन्यायप्रति आक्रोश व्यक्त गर्नु हो । कविताका अन्तिम पङ्क्तिहरूमा विद्रोहको आह्वान छ । श्रमजीवीले आफ्नो पैताला (शक्ति) बिर्सेका छैनन् र उनीहरूको सङ्घर्ष नै इतिहास हो भन्ने सन्देश दिएको छ । सुमन थापा सङ्गमको 'बचाउनु स्वाभिमान'ले दुःखलाई शक्तिको स्रोत र स्वाभिमानको आधार बताएको छ । कवि शोषित वर्ग (ढुङ्गा, माटोसँग जुध्ने मानिसहरू) लाई विभेदका पर्खाल फोड्न, सपना गाउन र दुःखको विश्वविद्यालयबाट सिकेर अडिग रहन आह्वान गर्छन् । कविताको केन्द्रीय सन्देश दुःखले मानिसलाई समानता, साहस र स्वाभिमान सिकाउँछ । श्रमजीवीको पसिनाले नै समाजको ढाँचा उभिएको भए पनि उनीहरू उपेक्षित छन् तर अन्त्यमा कविले विजयको आशा जगाउँछन् । शोषकहरू नै एकदिन शोषितको गीत सुन्न आउने छन् । यो सङ्घर्षको गीत हो, जसले अन्यायप्रति विद्रोह र आत्मविश्वासको डगर दुवैलाई समेटेको छ । निर्मला श्रेष्ठको 'कहिले आउला भुइँमान्छेका दिन'मा साधारण मेहनती जनताको पीडा, संघर्ष र समाजमा उनीहरूको योगदान छ । कविताले समाजका शक्तिशाली वर्ग (नेता, उद्योगपति, जमिनदार आदि) भुइँमान्छेको श्रममा निर्भर छन् भन्ने सत्य प्रस्तुत गर्दै यी मेहनतीहरूबिना संसार चल्न असम्भव छ भनिएको छ । भुइँमान्छेले कृषि, श्रम, रेमिट्यान्स, सेवा आदि गरेर समाज चलाउँछन्, तर उनीहरूको पीडा र अधिकार गुमनाम रहन्छ । शिक्षक, महिला, मजदुर आदिको सम्मान नभएको, उनीहरूको मूल्य नबुझिएको जस्ता समस्यालाई कविताले चित्रण गरेको छ । अन्त्यमा भुइँमान्छेको गरिमा, खुसी र इज्जतका दिन कहिले आउला भन्ने आशा र आकाङ्क्षा व्यक्त गरेकी छन् । शोषित मेहनती वर्गको व्यथा र समाजमा उनीहरूको अहं भूमिकालाई प्रकट गर्दै, उनीहरूप्रति न्याय, सम्मान र सुखद दिनको माग गरिएको छ ।

'हर्केको कथा'मा रामसुन्दर देउजाले गरिब तर मेहनतीको जीवनसङ्घर्ष र उसको छोराको शिक्षाप्रति आशाको करुणान्त चित्रण गरेका छन् । हर्केले आधा पेट खाएर पसिना बगाउँदै छोरालाई पढाएको, तर उच्च शिक्षित छोरा नोकरी पाउन असफल हुँदा उसको सपना ध्वस्त भएको सन्दर्भ मार्मिक छ । कवितामा शिक्षित बेरोजगारी, भ्रष्टाचार (जागिरमा पैसा र सिफारिसको प्रभाव) तथा गरिबको निराशा र समाजको कटु सत्य छ । अन्त्यमा हर्केको हार स्वीकारले सामान्य मानिसको बढ्दो निराशा र व्यवस्थाप्रतिको वितृष्णालाई देखाएको छ । नमराज घिमिरेको 'भुइँमान्छे'ले मेहनती गरिब जनताको दैनिक सङ्घर्ष, अधुरा सपना, र जीवनप्रति उनीहरूको आशावादी दृष्टिकोणलाई चित्रण गरेको छ । कवितामा भुइँमान्छेहरू लगामबिनाको घोडा र नक्साबिनाको जमिनजस्तै मूल्यवान् तर समाजमा उपेक्षित छन् । उनीहरू शीत, पिपल र थकानबिच पनि श्रमले जीवन बिताउँछन् । उनीहरूको खुसी अस्थायी छ । हिजोका राजाहरू अब खण्डहर बनेका छन् तर भुइँमान्छेहरू अझै नैवेद्य बाँड्दै जीविकोपार्जन गरिरहेका छन् । उनीहरू सपनाको सहर खोज्दै एक्लै यात्रा गर्छन् । अन्त्यमा, उनीहरू आशाका साथ निष्पट्ट रात काट्छन्, जसले गर्दा गरिबको अटुट आशा र क्रूर यथार्थबिचको द्वन्द्वलाई मार्मिक रूपमा देखाइएको छ । केशव ज्ञवालीको 'हजारको नोट'ले मानवीय लोभ र

धनको अन्तहीन खोजीको विडम्बनालाई प्रतीकात्मक रूपमा उठाएको छ । नोटहरू एकदेखि हजारसम्म बढ्न खोज्दै आफूलाई नै नष्ट गर्छन्, जस्तै मानिस पनि धन, शक्ति र प्रतिष्ठाको लालसामा आफ्नै मूल्य र असलताले च्यात्तिएर हराउँछ । कविताले भौतिकतावादी समाजको कडा आलोचना गर्दै नोटहरूको च्यातिने र कुच्चिने दुर्गति मानिसको भविष्य हो भन्ने सङ्केत गरेको छ । अन्त्यमा, हजारको नोट पनि खारेज हुने उदाहरणबाट लोभले मात्र विनाश ल्याउँछ र असलतालाई बटुलेर महत्त्वाकाङ्क्षा पूरा गर्न खोज्नु व्यर्थ हो भन्ने सन्देश दिएको छ । नवराज दाहालको 'बोली'ले सामाजिक असमानता र शोषित वर्गप्रति विद्रोहको आह्वान गरेको छ । कवितामा बारम्बार दोहराइएको पङ्क्ति 'टाउकेहरूका अब पोल नखोली, के लेख्नु कविता विद्रोह नबोली'ले शक्तिशाली वर्गको अत्याचार अनि भुइँमान्छेको दयनीय अवस्थालाई खुल्ला आलोचना गरेको छ । समानता कहाँ छ ? भुइँमान्छे किन होचा बनाइए ? उनीहरूलाई उठ्न र शोषकलाई कुट्न आग्रह गर्दै, कविताले न्यायको माग र क्रान्तिको आवश्यकता बताएको छ । अन्तिम पङ्क्तिहरूमा कविको निराशा झल्किन्छ – यदि विद्रोह नै नबोलिने भए कविताको अर्थ के ? यसरी कविताले गरिबको पीडा र व्यवस्थाप्रति कडा स्वरमा विद्रोह गरेको छ ।

छवि श्रेष्ठको 'भुइँबाट बुइँगललाई सन्देश'मा शोषित र बुइँगलमा बसेका शक्तिशाली वर्गबिचको मार्मिक द्वन्द्व छ । कविताको पात्र भुइँमान्छेले सङ्घर्ष, विश्वास र सपनाको बोझ बोकेर हिँड्ने र बुइँगलमा बसेकाले उसको श्रम, आस्था र समस्यालाई दुरूपयोग गरेर साम्राज्य बनाएको विषयलाई चिरफार गरिएको छ । तर पनि भुइँमान्छे इमान र स्वाभिमानबाट हार मान्दैन । ऊ धरातलमै रहेर आफ्नै बलमा अगाडि बढ्ने दृढ प्रतिज्ञा गर्छ । कविताले शोषकप्रति रिस, आत्मविश्वास र सामाजिक विषमताको चित्रण गर्दै अन्त्यमा भुइँमान्छेको विजयको आशा जगाएको छ । केशव सिलवालको 'धुले सडक'ले समाजको क्रूर यथार्थ र विशेषाधिकार प्राप्त वर्गप्रति तिखो वाण प्रहार गरेको छ । कवि धुलोमैलो सडकमा देखिने शोषित वर्ग (गोरू जोत्ने किसान, भारी बोक्ने मजदुर, रिक्सा चालक, बुढीआमा) को पीडालाई प्रथम विश्वको आँखामा हल्लाउन आग्रह गर्छन् । शक्तिशालीहरूलाई जमिनमा पुरिएर गरिबको सङ्घर्ष महसुस गर्न चुनौती दिन्छन् । कविताको मूल सन्देश भनेको सुखको छायाँमा बसेर समाजको घाउ नदेख्नेहरूलाई यो धुलो सडकमा आएर यथार्थको स्वाद लिन आग्रह गर्नु हो । सञ्जय सुमनको 'विद्रोह सभ्य हुन्छ'ले समाजले थोपार्ने सभ्यता र संस्कारको झुटो आडम्बरलाई खोतलेको छ । कविताको मुख्य पात्र रामप्रित रामलाई समाजले असभ्य, अछुत र पर धकेलिएको मान्छे बनाएको छ । उसको गाली, गन्हाउने शरीर र फुटुवा जीवन वास्तवमा समाजको अन्यायप्रतिको विद्रोह हो । समाजले उसलाई शिक्षा, सामाजिक समानता र मानवीय गरिमाबाट वञ्चित गरेको छ । उसको पीडा, रोष र एकान्तता समाजको क्रूरताको प्रतिबिम्ब हो । कविताले यही विद्रोहलाई नै वास्तविक सभ्यता ठहऱ्याउँछ किनभने यो अन्यायप्रतिको सच्चा प्रतिकार हो । समाजले थोपरेका ढोँगी मूल्यभन्दा पनि यस्तो विद्रोह नै सभ्यताको प्रतीक हो । रमी प्रियाको 'चिसोले च्याप्दै लगेको सहर'मा आधुनिक सहरी जीवनको निर्मम यथार्थ र गरिबीको चिसो स्पर्श छ । सहरको चकाचौँध र बडेमानको मल्टिप्लेक्सको व्यस्तताका बिचमा एउटा मानिस सागको मोलमोलाइमा जुधिरहेछ तर उसको पीडा कसैले नदेख्ने गरी सन्नाटामा डुबेको छ । आमाका थाकेका आँखामा आँसु छन् तर ऊ आफ्नो दैनिक सङ्घर्ष चुल्हो फुक्ने, साग मुठा पार्ने र

चिसो सहरको आँत तताउने कर्तव्यबाट विमुख हुन सक्दैन । कवितामा सामाजिक असमानता, निर्धनको पीडा र मानिसको अदृश्य मर्मस्पर्शी सङ्घर्ष छ ।

विश्व सिग्देलको 'सन्तमान'मा जीवनको गहिरो द्वन्द्व, अस्तित्वको खोज र प्रकृति तथा मानवीय अनुभूतिको अदृश्य सम्बन्ध छ । कालो छालाको गहिराइमा डुबुल्की लगाउने घाम, बयरको झ्याङ, रेखाविहीन हत्केलाका आवाजहरूले यथार्थको कठोरतालाई चित्रण गरेका छन् । कविताले सन्तमानको अस्तित्वलाई डुङ्गा, सपना र शब्दहरूसँग जोड्दै पानीमा टल्किएका सपनाहरूको नाजुकतालाई उजागर गर्छ । नदीको निलो र आकाशको गहिराइबिचको अन्तर, मानिसको कालोपन र निलाम्मे आशाको द्वन्द्वले मानवीय जीवनको जटिलतालाई प्रतिविम्बित गर्दछ । अन्ततः कवि सन्देश दिन्छन् : विधिले रचेको व्यवस्था अझै अटल छ तर मानिसको सपना पानीजस्तो नाजुक र टल्कनशील छ । चन्द्रबहादुर लामाको 'सडकसँगै बाँच्ने जीवन'मा गरिबीमा पिसिएका सडककिनारका मानिसको सङ्घर्ष, आशा र दैनिक जीवनको मार्मिक यथार्थ छ । सडकको धुलोमा फसेको सपना, पचास पैसाका पोलिथिन झोलामा सीमित आशा र रुपियाँको मोलमोलाइमा अड्किएको जीवन यी सबैले उसको अस्तित्वको कठोरतालाई देखाउँछन् । उसको दिनचर्या नै आफ्नै तराजुमा जीवन तौलने प्रयास हो । धेरैपटक उसको सपना धुलोमा थिचिन्छ तर प्रत्येक दिन उठेर ऊ नयाँ आशा बोक्छ । कविताले सडकका अनाम मानिसको अदृश्य पीडा टुट्न नदिने हिम्मत र समाजको उपेक्षाबिच पनि बाँच्ने जिउँदो सङ्घर्षको नाम दिएको छ । धीरकुमार श्रेष्ठको 'आह्वान'मा सामाजिक अवरोधहरूबिच आत्मनिर्णयको माग गर्दै आत्मसत्ताको घोषणा छ । कवितामा जीवनभरि सभ्य भनिएका व्यक्तिद्वारा बाटो छेकिने, चिप्लिने र अग्रगतिमा बाधा पुऱ्याइने वक्ताको अनुभव छ । यहाँ बाटो जीवनयापनको स्वतन्त्रताको प्रतीक हो भने चिप्लनु व्यवस्थागत शोषण हो । अन्ततः वक्ताले पहिलोपटक आफ्नो अधिकारमा दृढ भई अवसर प्राप्त गरेको घोषणा गरेको छ । यो कविता सामाजिक शृङ्खलाबाट मुक्त हुने आकाङ्क्षा, पीडितको प्रतिरोध र आत्मनिर्भरताको घोषणापत्र हो । समाजमा पददलित व्यक्तिको असहायता यहाँ विद्रोहमा रूपान्तरित छ ।


माथिका कविताहरूमा नेपाली समाजका विभिन्न यथार्थ, पीडा, सङ्घर्ष र आशाको गहिरो चित्रण छ । यिनले शोषित वर्ग (भुइँमान्छे, किसान, मजदुर) को अदृश्य पीडा, सामाजिक असमानता, भ्रष्टाचार र व्यवस्थागत अन्यायलाई उजागर गरेका छन् । प्राय : सबै कवितामा गरिबी, शोषण, श्रमको महत्त्व, शिक्षित बेरोजगारी, पुँजीवादी शोषण, राजनीतिक विडम्बना र विद्रोहको आह्वानको स्वर मार्मिक रूपमा व्यक्त भएको छ । यी कविताहरूले प्राकृतिक प्रकोप (बाढी), सामाजिक विषमता, मानवीय लोभ र शक्तिकेन्द्रित व्यवस्थाले सिर्जना गरेका विसगङ्तिलाई खोतलेका छन् । भुइँमान्छेको श्रम, स्वाभिमान, र अदृश्य योगदानलाई महत्त्व दिँदै, कविहरूले उनीहरूप्रति सम्मान, न्याय र सामाजिक परिवर्तनको माग गरेका छन् । केही कवितामा निराशा र आशाको द्वन्द्व छ भने केहीमा विद्रोहको आह्वान छ । समग्रमा यी कविताहरू नेपाली समाजको कटु यथार्थ, मानवीय पीडा र परिवर्तनको आकाङ्क्षाको सशक्त अभिव्यक्ति हुन् ।

समीक्षा

# सकारात्मक आयतन बोकेका कविताको सङ्ग्रह : सर्वाइवल नोट

प्रदीप सापकोटा

कविता साहित्यको सशक्त विधा हो । कविता कला र भावसँग जोडिन सके प्रभावकारी हुन्छ । जति कविता लेख्न सजिलो छ उतिकै शक्तिशाली र सुन्दर कविता लेख्न कठिन हुन्छ । डा. अनन्त अधिकारी वरिष्ठ मनोचिकित्सक हुन् । उनको कवि मन सर्वाइवल नोटमा पोखिएको छ । यो पढ्दा जिन्दगीका वरिपरि घुमेका कविता पढेको भान हुन्छ । आफूले भोगेका जीवनका कथाका पाना पल्टाएजस्तो अनुभुति हुन्छ । यसका कविताले पाठकको मनलाई सम्मोहित गराएर तान्छ । मनोचिकित्सकका रूपमा दैनिक बिरामीसँग साक्षात्कार हुनुपर्दाका अनेकानेक भोगाइ कवितामा पोखिएका छन् । सबै कविताका अर्न्तवस्तु यही समाजका उपज हुन् ।




विषयगत विविधताका ४१ ओटा कविता समावेश गरिएको प्रस्तुत पुस्तकमा समकालीन प्रवृत्तिहरू अभिव्यञ्जित भएका छन् । तथ्यको टेको लगाएर उभिएका प्रायः कविताहरू यथार्थवादी नदीमा प्रवाहित भएर सलल बगेका छन् । वर्तमान विषम परिस्थितिका उपज लाग्छन् कविता । निराशाभित्र छिरेर आशाको सञ्चार जागृत गराउँछन् । कवि मान्छेमा उत्साहको दियो जलाउँछन् । मान्छेलाई जोगाउन उत्प्रेरणाको स्रोत बन्छन् । यिनले मान्छेले वर्तमानमा भोगेका विसङ्गत र विकृत दैनिकी, अभाव, पीडा र छटपटीबाट त्राण दिन ऊर्जा भर्न सक्ने सामर्थ्य बोकेका छन् । यिनले सकारात्मक वैचारिकी अभिव्यक्त गराई निराश मनमा मल्हमपट्टी लगाउँछन् ।

डा. अधिकारीका कविता निराशा, पीडाका बिरामीका निम्ति दबाई हुन् । उनले यस्ता बिरामीलाई प्रेस्किप्सनका रूपमा कविता सुझाएका छन् । यस्ता बिरामीका चित्कारहरू कवितामा छन् । डाक्टरको कविमन तिनलाई देखेर चिथोरिन्छ, छट्पटिन्छ अनि कवितामार्फत पोखिन्छ ।

जीवन सकिएपछि सकिन बांकी अर्को जिन्दगी हुँदैन
वित्थामा लेखिनु हुँदैन सुसाइड नोट
खानुहुँदैन हरेसको हेमलक
निम्त्याउनु हुँदैन कायर अवशान ।

चार्ल्स डार्विनद्वारा प्रतिपादित सिद्धान्त सर्वाइवल अफ द फिटेस्टकै लयमा लेखिएको **सर्वाइवल नोट** मानिसलाई जिन्दगीको मोह जगाउने, जीवनमा थाकेर निराश हुनेको मनोदशालाई सकारात्मक मनोपरामर्श दिने, बाँच्नुको महत्त्वबोध गराउने सकारात्मक भाव सम्प्रेषण गर्ने कविताको सङ्ग्रह हो । यो जिन्दगी जिउन प्रेरित गर्ने कविताको सँगालो हो । मनोचिकित्सकले

डिप्रेसन र यसले निम्त्याउने आत्महत्यालाई निरूत्साहित गर्न शब्दरूपी औषधी यी कवितामा सिफारिस गरेका छन् । मान्छेले समय र परिस्थितिअनुरूप चलेर आइपर्ने सबै खाले अप्ठ्यारा क्षणलाई सामना गरी जिन्दगीको अनुपम आनन्द लिनुपर्ने सन्देश प्रवाह गर्ने यस सङ्ग्रहको शीर्षक कविता बलशाली छ । एक जना साइक्याट्रिक डाक्टरले औषधीका रूपमा पाठकसामु कविता पस्किनु उल्लेख्य लाग्छ ।

भावनाको उत्ताल तरङ्गमा कहिलेकाहीँ कवि बहकिन्छन् र प्रेमिल कविता लेख्छन् । हृदयको गहिराइबाट उम्लिएको विवेकयुक्त मायाका ध्वनिहरू प्रतिध्वनित भएका छन् । प्रेमको विशालता नाप्न गाह्रो हुने कुरामा सहमत हुने उनी प्रेममै जिन्दगी भएको धारणा राख्छन् । 'पुनर्लेखन', 'अन्तिम मनको नोट अफ डिसेन्ट', 'एउटा प्रेम कथा', 'मन आख्यान', 'अनुरोध मानसरोवरसँग', 'चुनहुवा मलाई प्रेम नगर'जस्ता कवितामार्फत प्रेमले मान्छेको जिन्दगी सहज हुने हुँदा सबैले सबैलाई प्रेम गर्नुपर्छ, प्रेममै जीवन र संसार चल्छ भन्ने कुरामा जोड दिएका छन् ।

यस सङ्ग्रहमा समसामयिक युगीन यथार्थ चेतले भरिएका कविता बलशाली छन् । 'एउटा पथिकको आशावादी कथा', 'सुस्केरा र सुस्केराहरू', 'आमाहरूको दैनिकी', 'काठमाडौँ ककोफोनी', 'भोलारामको कविता', 'कविता अन्तर्य'जस्ता कविताले समसामयिक परिवेशको यथार्थ ओकलेका छन् । विकृति र विसङ्गतिको चिरफार, तीप्रति व्यङ्ग्यात्मक कटाक्ष अभिव्यक्त छन् । युगीन चेतले ओतप्रोत कविताले जीवन र जगत्को वास्तविकतालाई उजागार गरेका छन् । आम मान्छेले यो समयमा भोग्नुपरेका यावत् पीडाहरू कविले बोलेका छन् । मानवीय संवेदनाको प्रकटीकरण भएको छ ।

'गने अर्थात् गणवहादुर'मा पाठकले भुइँमान्छे पाउँछ । श्रममा अटल विश्वास गर्ने गनेमा आम मिहेनतकस जनताको दैनिकी मज्जैले चित्रण गरिएको छ । गरिबका सपना तुहाउने वर्तमान परिवेश उजागर गरिएको यहाँ रिक्साको चक्काभन्दा बढी हड्डी घोट्दा पनि एक छाक लाउन र आङ न्यानो पार्न नसकेको आम सर्वसाधारणका दैनिकीको कथा लाग्छ कविता । 'आकाशगङ्गा/म तिमीलाई प्रेम गर्छु'मा मिठो प्रेमभाव दर्साइएको छ । कवि निलगगन देखेर प्रफुल्लित हुन्छन् । कविमन नमैलने निलो आभासँग रमाउँछ । जब जब थाक्छन् कामबाट लोत भएर अनि उनी सफेद स्निग्ध आकाशगङ्गासँग भलाकुसारी गर्छन् । अक्वैरियमको माछालाई निर्दोष कैदीको संज्ञा दिने कवि बन्दी माछाको अवस्था सम्झेर दुःखी हुन्छन् । सीमाहीन जिन्दगी बाँच्नपर्ने माछाका लागि रङ्गीन तर रङ्गहीन जिन्दगी बाँच्न परेको पीडालाई महसुस गर्छन् 'अक्वैरियम जिन्दगी'मा ।

वर्तमान दुरावस्था र झुठको खेती गर्नेसँग उनी सहमत हुन सक्दैनन् । यस्ता प्रवृत्तिविरूद्ध आवाज बुलन्द गर्छन् । आमजनतालाई भ्रमको पर्दाभित्र राखेर सत्तारोहण गर्नेप्रति विद्रोहका स्वर उराल्छन् । यस्ता राजनीतिक दल र नेतालाई मतदान नगर्न अनुरोध गर्छन् 'मौन अवधि अघिको बक्तव्य'मा । मुलुकको वर्तमान राजनीतिक दुरावस्था र नेतृत्वप्रति कटाक्ष गर्न सुकोमल कविमन बाध्य छ । 'पुनर्लेखन', 'एउटा स्थानीय मुगाबे संस्करण', 'गनगने लोग्नेको श्रीपेच', 'एउटा पथिकको आशावादी कथा', 'सुस्केरा र सुस्केराहरू', 'आमाहरूको दैनिकी', 'कविता अन्तर्य' आदि राजनीति र समाजसँग जोडिएका छन् । यिनमा बेलगाम बेथितिप्रति लक्षित भएर लेखिएका कविता छन् । भावुक कविलाई समाजको मनोदशाले दुःखाउँछ र

शिष्ट, सरल भावमा उनी आक्रोश पोख्छन् । आम मान्छेलाई युगको दुर्दशाप्रति विद्रोह गर्न आग्रह गर्छन् । जुध्न र सङ्घर्ष गर्न आँट भर्छन् । जीवन र जगत्सँग बोधगम्य कविताहरू बेजोड र पठनीय छन् ।

वाक्यविन्यासको राम्रो समन्वय भएका कविताले भरिएको कृति हो **सर्वाइवल नोट** । सुखद विम्बको प्रयोग, सकारात्मक सोच प्रयुक्त शब्दावली, जीवनवादी दृष्टिकोण, शिल्पशैलीमा विविधता, शब्द र वाक्यविन्यासको समन्वयजस्ता विशेषता सङ्ग्रहमा देखिन्छन् । कोमल भावमा बौद्धिकता झल्केका कवितामा प्रगतिवादी चेतमा बगेका छन् । विम्ब र प्रतीकको सटिक प्रयोग छ । कविताहरू सकारात्मक भाव र चिन्तनले भरिभराउ छन् । क्लिष्टताको रत्तिभर प्रयोग छैन । भावमा गम्भीरता छ । समयका बेथितिप्रतिको गम्भीर चिन्ता, चासो र सकारात्मक सम्प्रेषण छन् । निराशा, कुण्ठा र पलायनका विपरीत आशावादिता, सकारात्मकता र जीवनप्रतिको मोहमा लाग्न प्रेरित गर्ने कविता छन् । भाव अभिव्यक्तिका दृष्टिले डा. अधिकारीका कविता बलशाली, सन्देशप्रदायक, सक्षम र सबल छन् । यिनमा व्यापक कलात्मक अभिव्यक्ति छन् । यस हिसाबले कविता सरल र सम्प्रेष्य छन् । कवि कविताका माध्यमबाट समाजमा सकारात्मक सन्देश फैलाउन सफल छन् । उनले प्रगतिशील चेतनालाई आत्मसात् गरेका छन् । शीर्षकहरू कवितालाई अर्थ्याउन काबिल छन् । भाव र विचारका आधारमा कविताहरू सुन्दर छन् । कविताको आशय प्रस्ट्याउन कोरिएका चित्र पनि राम्रा छन् ।

शीर्षक कवितालगायतका कवितामा आगन्तुक शब्द प्रयोग भएका छन् । सुखदुःखलाई जिन्दगीको दुई किनाराको रूपमा लिनुपर्ने बताउने कवि दुःखबाट डराएर नभाग्न आग्रह गर्छन् । मान्छेका मनभित्र खेलिरहेर स्थान बनाउन पुगेका मनोदशाका कारण मान्छे दुःखी हुने हुनाले यसबाट विचलित र निराश नहुन सुझाउँछन् । सकारात्मक सोचयुक्त कविताले औषधीको काम गर्न सक्छ । मान्छेलाई बाँच्ने जिजीविषा सिकाउने कविता छन् । **सर्वाइवल नोट** एउटा मनोचिकित्सकको अनुभूतिले लछप्पै भिजेका कविताको फेहरिस्त लाग्छ ।

**सर्वाइवल नोट** सर्वजनहितायको सन्देश प्रवाह गर्ने कवितासङ्ग्रह हो । यसले यथार्थपरक धारणा, भाव र विचारलाई संप्रेषण गरेको छ । डिप्रेसनबाट रूपान्तरण गरेर आशावादी भावना जगाएको छ । कथ्य र शिल्पको सही मिसावटले कविताहरू सुन्दर छन् । यस कृतिमा जीवन हार्नका निम्ति होइन सङ्घर्ष गर्नका निम्ति हो भन्ने सन्देश प्रवाह गर्ने कविताहरू छन् । वरिष्ठ मनोचिकित्सक कवि डा. अधिकारीलाई जीवनप्रतिको सकारात्मक आयतन बोकेका कविताको पठनीय कृति **सर्वाइवल नोट**का निम्ति हार्दिक बधाई ।

(psmile333@gmail.com)

---


# शब्दाङ्कुरका वितरक

साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स

चावहिल, काठमाडौँ,

फोन : ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६


---

# खोला र बादलहरू

राजेश मानन्धर



# चट्याङबाट बच्न निम्न उपाय अपनाऔँ

| घरबाहिर हुँदा | घरभित्र हुँदा |
|---|---|
| ▪ आकाशमा बिजुली चम्किँदा गड्याङगुड्ुङ हुँदा घरभित्र जाऔँ,<br>▪ नजिकै घर नभएर ओतमा बसौँ,<br>▪ रूख वा बिजुलीको पोलमुनि नबसौँ,<br>▪ छाता नओढौँ,<br>▪ खेतबारीमा काम नगरौँ,<br>▪ कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौँ,<br>▪ भुइँमा लम्पसार परेर नसुतौँ । | ▪ टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔँ, बिजुलीका स्विच अफ गरौँ,<br>▪ त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔँ,<br>▪ तरवाला फोन प्रयोग नगरौँ, मोबाइल स्विच अफ गरौँ,<br>▪ नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौँ,<br>▪ झ्याल, झ्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔँ,<br>▪ भित्ता वा झ्यालमा अडेस लागेर नबसौँ । |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**

## विज्ञापन बोर्ड

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

**शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।**

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क** : | नेपाल (नेरू) र भारतमा (भारू) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरू | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरू) र भारतमा (भारू) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रू | १०,०००।- |